लेखापरीक्षण प्रतिवेदन

मन्थली नगरपालिका, रामेछाप

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मन्थली नगरपालिका, रामेछाप

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता *(Independence)*
निष्ठा *(Integrity)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*
व्यावसायिकता *(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश

काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/429

मिति : २०८३-१-३०

श्रीमान् नगरप्रमुखज्यू,

मन्थली नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, रामेछाप।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/429

श्रीमान् नगर प्रमुखज्यू ,

मन्थली नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, रामेछाप।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस नगरपालिका आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रू. २ अर्ब ३९ करोड ३१ लाख ५९ हजारको लेखापरीक्षणबाट रू.२ करोड ८ लाख २६ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.९ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु.१३ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७६ लाख ५६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १३ लाख ६४ हजार र पेश्की बाँकी रु.४ लाख गरी जम्मा रु.२ करोड ८ लाख १७ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.२३ करोड ६ लाख ७१ हजार मध्ये रु.७ लाख ३३ हजार सम्परीक्षण भई यसवर्षको थप रु.२ करोड ८ लाख १७ हजार समेत हालसम्म अद्यावधिक बेरुजू रु. २५ करोड ७ लाख ५५ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्वेश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७७	१०१	२,०८,२६,८०५	०	२	८,८५०	०	७७	९९	२,०८,१७,९५५	१३,९७,३३८	१,१३,६४,०७२	७६,५६,५४५	०	०	१,९०,२०,६१७	४,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रामेछाप	२३,०६,७१,०००		७,३३,३२५	२२९९३७६७५		२,०८,१७,९५५	२५०७५५६३०

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	६०	मापदण्ड भन्दा बढी भुक्तानी	८५०
२	२०८१/८२	४५	एम्बुलेन्स आम्दानीः	८,०००
३	२०८०/८१	३१	राजश्व असुली	३४,८२५
४	२०८०/८१	२४	मन्थली भलुजोर हुलाकडाँडा सडक	६३,०००
५	२०७८/७९	३१	व्याज असुली	६,३५,५००
जम्मा				७,४२,१७५

मन्थली नगरपालिका, रामेछाप

(८०३२४४०१३००)

मन्थली नगरपालिका , रामेछाप

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ । नगरपालिकामा वडा १४ वटा, क्षेत्रफल २११.७७ वर्ग किलोमिटर तथा जनसंख्या ३९६९५ रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।५।१२ देखि २०८२ ।५।१७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय र व्ययतर्फ जम्मा रू. २ अर्ब ३९ करोड ३१लाख ५९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छन् ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १५४०५१.६१ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि नं	दाखिला गर्ने	संख्या	प्रयोजन	सञ्चित कोष	रकम
१	याङजोङ सप्लायर	१	तीनलाल पार्क ठेक्का	स्थानिय	१७९७०
२	विभिन्न कर्मचारी	१२	मापदण्ड भन्दा बढी भत्ता	स्थानिय	४६३८५
३	विभिन्न कर्मचारी	३	नपाउने भ्रमण भत्ता	स्थानिय	४५४००
४	विभिन्न कर्मचारी	६	अनुगमन भत्ता	संघिय	३७४००.००
५	कर्मचारी	१	पारिश्रमिक कर	संघिय	६८९६.६१
जम्मा					१५४०५१.६१

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आय व्यय**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		१०२७४१५६०.९५	चालु खर्च		६३००४७२५७.०१
१.संचित कोष	७७४०६८३८.१९		१. पालिका तर्फ	२३०२३९५७१.५८	
२.धरौटी	१३२७८५७७.७५		२. संघीय सशर्त	३८६६९१०८१.३२	
३.कार्यसञ्चालन कोष	५३९३८००.०१		३. संघीय विशेष	०	
४. अन्य कोष खाता	५७२९६८०		४. प्रदेश सशर्त	१३११६६०४.११	
५. प्रकोप व्यवस्थापन कोष	९३२६६५		५. प्रदेश विशेष	०	
यस वर्षको आय			पुँजीगत खर्च		२४७७६७३५३.५४
१.आन्तरिक आय		४३७२४०७७.०५	१. पालिका तर्फ	२०९३६०४०३.५४	
क.आन्तरिक राजश्व	२९३६६९३२.५				
ख.स्थानीय राजश्व बाँडफाड	१४३५७१४४.५५		२. संघीय सशर्त	४०२५४०१	
२. वित्तीय हस्तान्तरण (संघ)		७३६४९२६७७.९८	३. संघीय विशेष		
क) समानीकरण अनुदान	१६७०९४९६०		४. संघीय समपुरक	११३४०२८८	
ख) राजस्व बाँडफाँट	१२०८९८९२१.५		५. प्रदेश सशर्त	८४८३९८१	
ग) सशर्त अनुदान	४३०७४८५००		६. प्रदेश विशेष	०	
घ) समपुरक अनुदान	१५००००००		७. प्रदेश समपुरक	१४५५७२८०	
ङ) विशेष अनुदान					
च) रोयल्टी	२७५०२९६.४८		अन्तर सरकारी अख्तियारी (संघ)		२३९७०५४२१.२३
छ) अन्य			क) सामाजिक सुरक्षा	२३६५०११८१.२३	
३. वित्तीय हस्तान्तरण (प्रदेश)		१३१८३७९७९.१५	ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३२०४२४०	
क) समानीकरण अनुदान	२०१६९०००		…………..		
ख) राजस्व बाँडफाँट	४२३६३९७९.१५		अन्तर सरकारी अख्तियारी (प्रदेश)		
ग) सशर्त अनुदान	३१३०५०००		ऋण फिर्ता(साँवा)		
घ) समपुरक अनुदान	३०००००००		ऋणको ब्याज भुक्तानी		
ङ) विशेष अनुदान	८००००००		धरौटी फिर्ता तथा सदर स्याहा	३८४२६२२	३८४२६२२
च) रोयल्टी			कार्यसञ्चालन कोषबाट भएको खर्च	७९६९५८२	७९६९५८२
छ) अन्य			अन्य कोषबाट भएको	०	०

			खर्च		
४. अन्तर सरकारी अख्तियारी (संघ)		२३९७०५४२१.२३	प्रकोप व्यवस्थापन कोष खर्च	६२५३८४८	६२५३८४८
क) सामाजिक सुरक्षा	२३६५०११८१.२३		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३२०४२४०		अन्य सहयोगमा सञ्चालित योजना		
…………..			अन्य खर्च भएमा		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)		०	अनुदान फिर्ता		
६. ऋण/ वित्तीय व्यवस्था		०	१. संघ तर्फ		४३६९१७२९.६८
७. धरौटी आय	५२०११९३	५२०११९३	क) सशर्त अनुदान	४००३२०१७.६८	
८. कार्यसञ्चालन कोष आय	१३२७८१५६.८३	१३२७८१५६.८३	ख) विशेष अनुदान	०	
९. अन्य कोषको आय	२३७५०००	२३७५०००	ग) समपुरक अनुदान	३६५९७१२	
१०. प्रकोप व्यवस्थापन कोष	६५०००००	६५०००००			
११. गैरसरकारी संस्थाबाट सञ्चालित योजना		०	२. प्रदेश तर्फ		३३१४७१३४.८९
१२. अन्य		०	क) सशर्त अनुदान	९७०४४१४.८९	
१३. अन्य आय भएमा		१६२००००	ख) विशेष अनुदान	८००००००	
			ग) समपुरक अनुदान	१५४४२७२०	
			अन्तिम मौज्दात		७१०५१११७.८४
			१. संचित कोषको मौज्दात	३६४२८०९७.२५	
			२. धरौटी	१४६३७१४८.७५	
			३. कार्यसञ्चालनकोष	१०७०२३७४.८४	
			४. अन्यकोष	८१०४६८०	
			५. प्रकोप व्यवस्थापन कोष	११७८८१७	
जम्मा		१२८३४७६०६६	जम्मा		१२८३४७६०६६

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ वित्तीय प्रतिवेदनको विश्लेषण

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाले नेपाल सरकारको मिति २०७९।८।२० को संशोधित सार्वजनिक क्षेत्र लेखामान

(NPSAS) अनुसार लेखाङ्कन तथा एकिकृत वित्तिय प्रतिवेदन तयार गर्नुपर्दछ । नगरपालिकाले तयार गरेको वित्तीय प्रतिवेदनमा अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन।यसमा सुधार हुनु पर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **वित्तीय विवरणको यथार्थताः** नगरपालिकाको सबै प्रकारका आर्थिक कारोवारको महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था अनुसार पालिकाले स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनमा अन्तर सरकारी अख्यियारी तर्फ सामाजिक सुरक्षाको रू २३,६५,०१,१८१.२३ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३२,०४,२४०.०० समेत रु.२३,९७,०५,४२१.२३ प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा लेखाङ्कन भएको छैन । सुत्र अनुसार कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७० अनुसूची १४ मा अन्तरसरकारी अख्तियारीको व्यवस्था गरेता पनि म.ले.प.२७० को वित्तिय विवरणमा देखिएको छैन ।सबै कारोबार प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक हिसाबः** नगरपालिकाको सुत्र अनुसारको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) र शुत्र बाहिर तयार भएको एकीकृत आर्थिक विवरणमा यस वर्षको प्राप्ति, भुक्तानी र बैङ्क मौज्दातमा निम्नानुसार फरक परेको छ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	७१४६४७५२	८६८११२६७८	८७७७९७५२३	७०८८६३३५
एकीकृत आर्थिक विवरणअनुसार	१०२७४१५६१	११८०७३४५०५	१२१२४२४९४८	७१०५१११८
फरक	-३१२७६८०९	-३१२६२१८२७	-३३४६२७४२५	-१६४७८३

• नगरपालिकाले तयार गरेको एकीकृत आर्थिक विवरणमा नगरपालिकामा हुने सवै आम्दानी खर्च समेटिएको तर सुत्र अनुसारको नगरपालिकाको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७० मा नगरपालिकाको सवै आम्दानी खर्च नसमेटिएकाले म.ले.प.फा.नं.२७० को बैंक मौज्दात र एकीकृत आर्थिक विवरणको वैंक मौज्दातमा रु.१,६४,७८३ फरक देखिन्छ ।

• पालिकाको सुत्र प्रणालीको फारम २७०-५ को वित्तिय प्रतिवेदनको अनुसूची १० अनुसार गत वर्ष सञ्चित कोषमा रु.६,५०,३९,१६५.५८ मौज्दात रहेकोमा एकिकृत आर्थिक विवरणमा रु.७७४०६८३८.१९ जिम्मेवारी सारेको छ । सञ्चित कोषमा बढी जिम्मेवारी सारेको रकम यकिन गरी हिसावमिलान गर्नुपर्दछ ।

• नगरपालिकाको यस वर्षको प्राप्ती रु.११८०७३४५०५ भएकोमा यस वर्ष रु.१२१२४२४९४८ भुक्तानी भएको देखिँदा आम्दानीको तुलनामा रु.३,१६,९०,४४३ बढी खर्च भएको देखिन्छ ।

४ **दाखिला गर्न बाँकी दायित्व**

आयकर ऐन, २०५८ को परिच्छेद १७ को दफा ८७, ८८ र ८९ अनुसार भुक्तानिमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ र दफा ९०(४) अनुसार कट्टी भएको कर रकम समयमै दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न शीर्षकतर्फ कट्टी गरेको कर मध्ये वर्षान्तसम्म विभिन्न भुक्तानीहरुमा कट्टी गरी दाखिला वाकी रहेको कर दायित्व २०८०।८१ मा रु.१,६७,२४४.०० देखिएकोमा उक्त रकम लेखापरीक्षण अवधिसम्म पनि दाखिला नभएकोले शीर्षक यकिन गरी दाखिला गर्नुपर्दछ । त्यस्तै आ. व. २०८१।८२ को कर दायित्व रु.१,६४,७८३.०० लेखापरीक्षण अवधिसम्म पनी दाखिला गरेको नदेखिएकोले उक्त रकम सम्बन्धित खातामा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,६४,७८३

५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्ने, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गर्नु पर्ने व्यवस्था छ।नगरपालिकाले ऐन अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही थप व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिदको गुरुयोजना / खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण बनाइ लागु गर्नुपर्नेमा सो नगरेको,

• नगरपालिकाले २०८१।८२ को अवधिमा भएको आफ्नो आर्थिक कारोबारको अनुसूची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराख्नुको साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार नगरेको,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्नुपर्नेमा नगरेको,

• स्थानीय निकायले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी आयोजनाको बैंक खडा नगरेको,

• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

• स्थानीय तहले उपभोक्ता समिति मार्फत गराउँदा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ,

•पालिकाले तयार गरेको नापी किताबमा प्रत्येक रनिङ् बिलमा हालसम्म भएको कामको नापी गरी चढाउनुपर्नेमा सो नगरेको साथै अन्तिम बिलमा समेत कुल काम अनुसारको नापी गरेर राख्ने नगरेको,

• नगरपालिकाबाट सम्पन्न भएका योजनाहरुको नगरपालिकास्तरीय अनुगमन समितिले अनुगमन गरेकोमा कतिपय योजनामा अनुगमन समिति संयोजक एवं वडाका जनप्रतिनिधिले अनुगमन उपस्थिति नजनाएको,

• भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमण अभिलेख खाता नराख्नुको साथै भ्रमण सम्पन्न भई सकेपछि भ्रमण प्रतिवेदन समेत पेश गर्नुपर्नेमा नगरेको,

• विद्युत महसुल तथा सवारी दर्ता नवीकरण विलम्व दस्तुर तिर्दा पालिकालाई थप व्ययभार परेको ।

• उपभोक्ता समिति गठन गर्दा पर्याप्त संख्यामा भेला नहुने र समितिमा बस्ने संख्या मात्र सहभागी भई उपभोक्ता समिति गठन हुने गरेको।

वडा कार्यालयतर्फ थप

• वडाबाट सोझै खरिद गरेकोमा कोटेशन दर्ता हुने नगरेको,

• सवारी साधन मर्मत र ईन्धन खर्चको कुपन तथा विजकमा सवारी साधन नम्बर उल्लेख नगरेको,

• खरिद गरेका सामानको पाम्समा दाखिला हुने नगरेको,

• शीर्षकगत विनियोजन नभएकोले खर्चको वास्तविकता र यथार्थता नखुल्ने हुनाले मितव्ययी नहुनेगरेको,

• खर्च भएर नजाने सामानको समेत पालिकाको प्रशासन, भण्डार र लेखा शाखाको समन्वयमा माग फारम भरी मौज्दातबाट सामान लैजाने वा खरिद आदेश प्राप्त गरी खरिद गर्नु पर्नेमा पेश्की लिई सोझै खरिद गरेको बिल पेश गरी भुक्तानी लिने गरेकोले खरिद प्रकृयामा आन्तरिक नियन्त्रण कायम भएको नदेखिएको,

•विविध खर्च तर्फ खाजा खानाका बिल संग बैठकको उपस्थिति माईन्यूट, आगन्तुक पुस्तिका र कार्यक्रम सहभागीको उपस्थिति स्रेस्तासाथ संलग्न नगरेको,

• कतिपय सामान खरिदमा कोटेशन वडाध्यक्षबाट स्वीकृत गर्ने गरेको,

• खरिद गरी सामान हस्तान्तरण गरेको जनाएकोमा प्रमाणित हस्तान्तरण फाराम संलग्न नगरेको,

• बिल भरपाई वडा सचिव समेतबाट प्रमाणित हुने नगरेको,

• वडा समितिको माईन्युटमा एकै प्रकृतिका र उहि निर्णयमा पटक पटक बैठक बसी भत्ता वुझेको,

तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

६ सुचनाको हक

सुचनाको हक सम्बन्धी ऐन, २०६४ तथा सुचनाको हक सम्बन्धी नियमावली २०६५ बमोजिम नगारिकको सुचनाको हकको संरक्षण र प्रवर्धनको लागि कार्यालयसंग माग गरिएको सूचना उपलब्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख राख्नुपर्ने, तीन तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने, वेभ साइट नियमित रुपमा अद्यावधिक गर्नुपर्ने, सूचनाको वर्गिकरण र अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले स्वतः प्रकाशन नगरेको, सुचनाको वर्गिकरण एवं माग गरिएको सूचना उपलब्ध गराएको सूचनाको विवरणको छुट्टै छुट्टै अभिलेख अद्यावधिक गरेको पाइएन। नगरपालिकाले ऐन नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

७ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ आय अनुमान एवं कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । त्यस्तै दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्ने उल्लेख छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ केहि शीर्षकमा अनुमानित भन्दा बढी आय प्राप्त गरेको छ भने कतिपय राजस्व शीर्षकमा अनुमानको आधारमा कम राजस्व संकलन भएको छ । शीर्षकगत आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	आम्दानी शीर्षक	प्रस्तावित आय	वास्तविक आय	आय प्रतिशत
१	सम्पती कर भुमिकर/मालपोत	८१०००००.	८५३८८६०.२	१०५
२	वहाल कर	४००००००.	४६७७२०९.९९	११७
३	वहाल विटौरी कर	४००००००.	१७६७९८.	४
४	सवारी साधन कर (साना सवारी)	१०००००.	०	०
५	पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	५०,०००.००	०	०
६	कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर	१८००००.	०	०
७	अखेटोपहारमा लाग्ने कर	५०,०००.००	०	०
८	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	३००००००.	३६०७९२३.८५	१२०
९	सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	१०००००.	०	०
१०	अन्य बिक्रीबाट प्राप्त रकम	१०००००.	०	०
११	अन्य सेवा शुल्क तथा बिक्री	अनुमान नभएको	१८७६२६८.६२	
१२	न्यायिक दस्तूर	१०००००.	१,७००.००	२
१३	शिक्षा क्षेत्रको आम्दानी	२०००००.	०	०
१४	परीक्षा शुल्क	१०००००.	५२,४००.००	५२
१५	यातायात क्षेत्रको आम्दानी	१०००००.	०	०
१६	अन्य प्रशासनिक सेवा शुल्क	५०००००.	४५०६००.	९०
१७	पार्किङ्ग शुल्क	अनुमान नभएको	८२,४००.००	
१८	नक्सापास दस्तुर	१००००००.	१०९१८४६.६६	१०९
१९	सिफारिश दस्तुर	१००००००.	३४९४६५०.	३४९
२०	व्यक्तिगत घटना दर्ता दस्तुर	१०००००.	०	०
२१	नाता प्रमाणित दस्तुर	१०००००.	०	०
२२	अन्य दस्तुर	२६०००००.	१८०५०३५.१८	६९
२३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	१००००००.	२७२५१५०.	२७३
२४	रेडियो/ एफ.एम.सञ्चालन दस्तुर	२०,०००.००	०	०
२५	जलस्रोत सम्बन्धी अन्य दस्तुर	अनुमान नभएको	५५,०००.००	
२६	प्रशासनिक दण्ड जरिवाना र जफत	२००००००.	३२८२९०.	१६
२७	अन्य राजस्व	अनुमान नभएको	१,०००.००	
२८	व्यवसाय कर	४५०००००.	४०१८००.	९
२९	स्थानीय राजश्व बाँडफाँड	अनुमान नभएको	१४३५७१४४.५५	
	जम्मा		४३७२४०७७.०५	

पालिकाले एकिकृत सम्पत्ति कर लागू नगरेको र आय अनुमान नगरेकोमा समेत आय प्राप्त भएको देखिन्छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको छ । जसवाट उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउने र राजस्व प्रक्षेपणलाइ यथार्थपरक बनाइ राजस्व संकलन र सोको परिचालन व्यवस्थित गर्नुपर्दछ ।

९ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.४,०१,८०० कर सङ्कलन गरेकोमा नगरपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट नगरपालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ नगरपालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१० आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा राजस्व वाँडफाँट वाहेक प्रदेश लगायत केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
११०८०३६०७८	४५३४४०७७.०५	४.८

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.८ प्रतिशत मात्र रहेको छ । त्यसैले नगरपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११ लेखापरीक्षण प्रतिवेदन उपर छलफल

लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नुपर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नुपर्दछ । नगरपालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदनका व्यहोरा (सैद्धान्तिक व्यहोरा समेत) उपर लेखा समिति तथा सभामा दफावार छलफल गरी निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कायम वेरुजु फर्छ्यौटको कार्वाही टुङ्गो लगाई कानूनको पालना तथा स्थानीय तहको व्यवस्थापकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ।

१२ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र नगरपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा नगरपालिकाले समितिको बैठक वर्षभरिमा २ पटक बसेतापनी वडा समितिलाई सीमा स्पष्ट रुपमा नतोकेको र वडागत कार्यक्रम अवण्डा कायम गरेको पाईयो । ऐनमा व्यवस्था भएअनुसार

बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१३ **अबण्डा रकम**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारमा तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा राखी आयव्ययको अनुमान पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्न अनुसारका कार्यक्रम तथा शीर्षकमा बजेट अबण्डा राखी अन्य शीर्षकहरुमा समेत खर्च गरेको पाइयो । बजेट अबण्डामा राखी पटके तोकादेशवाट बजेट खर्च गर्ने गर्दा आवश्यकता र प्राथमिकताको पहिचान नहुने, आवश्यक कार्यक्रमको छनोट हुन नसक्ने, उत्पादनमा वृद्धि हुने कार्यक्रमभन्दा वितरणमुखी कार्यक्रमको छनोट हुन गई स्रोतको दुरुपयोग समेत हुनसक्ने सम्भावना रहने हुँदा अबण्डामा बजेट व्यवस्था गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

शीर्षक	वजेट	खर्च	प्रतिशत
भाषाकला साहित्य संरक्षण तथा प्रवर्धन कार्यक्रम	५००००	४९९४९५	१००
शैक्षिक संस्थाहरूलाई सहायता	५००००	२५८८४७	५२
विपदजन्य सामाग्री खरिद, वितरण पाईप ग्याविन जाली आवश्यक सामग्री	२०००००	१४९३६३१	७५
नगर साना सिंचाई आयोजना	५००००००	४२४६३७६	८५
उपमेयरसंग उद्यमशील विकास कार्यक्रम	८०००००	२३७९२२	३०
नगरका आपतकालीन आयोजना, नगरस्तरीय साना पूर्वाधार विकास कार्यक्रम	६००००००	५९५९२२९	९९
प्रकोप व्यवस्थापन	३००००००	३००००००	१००
खानेपानी ,डिप बोरिंग ,खानेपानी पाईप खरीद तथा वितरण समेत	३००००००	२४५१६४६	८२
भैपरी आउने विविध कार्यक्रम	३७०००००	३६४९७३९	९९
वडा स्तरीय साना पूर्वाधार कार्यक्रम	२०५९०००	१९५५२५०	९५
जम्मा	२६५५९०००	२३७५२१३५	८९

१४ **पालिकाको सभा बाहेक कार्यकारी निर्णयबाट भएका योजना**

पालिकामा वजेट अधिवेशनवाट योजना वर्गिकरण तथा विनियोजन नगरी पटके रुपमा कार्यपालिका तथा तोकादेशका आधारमा कार्यान्वियन भई सम्पन्न भएपश्चात् मात्र सभामा एकुमुष्ठ पेश गरी निम्नानुसारका योजना अनुमोदन गरेको पाईयो । आयोजना वैंक निर्माण नहुने हुनाले माग, आवश्यक्ता र प्रभाव विश्लेषण नभई टुक्रे योजना कार्यान्वियन हुनु उपयुक्त देखिदैन । वडा समिति तथा कार्यपालिकावाट मात्र निर्णय भई कार्यान्वियन भएका योजना निम्नानुसार छन् ।

योजना तथा कार्यक्रम साना सिँचाई , २०८१।०८२			
क्र.सं	योजना तथा कार्यक्रमको नाम	वडा नं	विनियोजित बजेट
१	भ्यागुरे सिँचाई कूलो मर्मत	११	२०००००
२	पँधेरे सिँचाई पोखरी	१३	१५००००
३	सोह्र विसे कुलो निर्माण	७	२०००००
४	सेरावेसी पुलढुङ्गे खोला कुलो सिँचाई योजना	१२	१५००००
५	लिफ्ट सिँचाइ कृषक समुह बरदेउथान	१	१५००००
६	जखिनटार लिफ्ट सिँचाई	८	१५००००
७	भालुवन सिँचाई योजना	११	१५००००
८	गजपानी सिँचाई पोखरी	११	१५००००
९	सेराखोला सरखण्डे सिँचाई योजना	१२	१५००००
१०	आठबिसे मुहान देखि सुकाजोर खोला कुलो निर्माण	१	१५००००
११	लप्सेखोला देखि बाजेखेतसम्म सिँचाइ कुलो निर्माण	१४	२०००००
१२	छाँगामाथी मुहान हुँदै कुडुले सिँचाई आयोजना	१०	१५००००
१३	साँखे सिँचाई कृषक समूह	१	२०००००
१४	दत्तिवने खेत कृषक समूह स्यालो ट्युवेल लिफ्ट सिँचाई	१	२५००००
१५	स्वाँरा पातले सिँचाई	११	१५००००
१६	मुलकुल अड्चले सिँचाई कुलो निर्माण	१०	१०००००
१७	नरकटे खेत डिप बोरिङ सिँचाई आयोजना	५	१५००००
१८	ढुंगेश्वर लिफ्ट सिँचाइ कृषक समूह बरदेउथान	१	१५००००
१९	नागथान बारीखेत सिँचाई कृषक समुह	१	२०००००
२०	जखनी गैरी कृषक समुह पम्प खरिद	१	६००००
२१	भण्डारे लिफ्ट सिँचाई योजना	१०	१५००००
२२	ठुलोखोला हुँदै डाँडाखेतसम्म सिँचाई	१०	१५००००
२३	जर्नेली खेत कृषक समुह डिप वोरिङ	१	१५००००
२४	कृषिहित गैरीखेत कृषक समुह स्यालो डिप	१	१५००००
२५	सिम्लेखोला सिँचाई कृषक समुह	१	१५००००
	जम्मा		३९६००००

योजना तथा कार्यक्रम खानेपानी , २०८१।०८२			
क्र.सं	योजना तथा कार्यक्रमको नाम	वडा नं	विनियोजित बजेट रकम
१	भट्टार बगालेटोल खानेपानी	११	१२००००

२	कैदले खानेपानी ट्याङकी घेराबार	५	१०००००
३	झारीखेत सिँचाई तथा भाङखोला खानेपानी मर्मत	१०	१५००००
४	सिम्ले मगरटोल खानेपानी	४	२७००००
५	लोहोरे ढांड पन्थली खानेपानी	११	१५००००
६	जुगेखोला खानेपानी योजना	३	५५०००
७	भ्याउरेखोला खाल्टेपानी जुगेपानी गोल्माथान डाँडा मचवारी सामुदायिकक डिप लिफ्ट	५	१५००००
८	बोहोरागाउँ ट्याङकी हुँदै तामाङ आर्यघाट खानेपानी	१०	१०००००
९	घँगारुबोटे मुखियाटोल खा.पा. आयोजना	४	२५००००
	जम्मा		१३४५०००

योजना तथा कार्यक्रम साना पुर्वाधार कार्यक्रम, २०८१।०८२

क्र.सं	योजना तथा कार्यक्रमको नाम	वडा नं	विनियोजित बजेट रकम
१	पहिरो नियन्त्रण तथा सडक स्तरोन्नति आयोजना	१०	३०००००
२	चापागाँइ टोल ठाडोबाटो स्तरोन्नति	१	५००००
३	राक्से खहरे तोलाङ्गे खेत संरक्षण	७	१०००००
४	कुँडहर ध्वान्द्रेखोला सडक मर्मत	१	१०००००
५	कृष्ण मन्दिर निर्माण हाँडीस्वाँरा	३	२०००००
६	खैरेनी सिँचाई कुलो मर्मत	८	२५००००
७	बुढामहादेव मन्दिर मर्मत	१	२०००००
८	कार्की कुल मन्दिर मर्मत योजना	५	२०००००
९	तुलेबारी ढाँडटोल खानेपानी	४	५००००
१०	आहालेपाखा पिपलबोट असनटोल सिध्देश्वर गैराथोक सडक मर्मत	४	२०००००
११	अग्राखेटोल शाखा सडक मर्मत	५	१५००००
१२	जाल्पादेव सत्तल मर्मत	१२	१०००००
१३	बेलबोटे टोल भीमसेनडाँडा प्रतिक्षालय	११	१०००००
१४	श्री ईन्द्रदेवी आ.वि. चुवानटार व्यवस्थापान	१३	२०००००
१५	स्वेतबाराहा घिमिरे कुल मन्दिर	१	२०००००
१६	बोहोरा बन्धु प्रतिष्ठान	१०	२०००००
१७	बुढाथोकी कुल पुजा मन्दिर निर्माण	११	२०००००
१८	श्री सिध्देश्वर आ.वि. जग मर्मत	६	५००००
१९	पाखेपानी बाहुनखेत संरक्षण	१२	१०००००
२०	जनविजय आ.वि.तल्लो सुनारपानी	५	५००००

२१	राम्चेकुल मन्दिर बडिमुहान	७	१५००००
२२	इश्वरीय मार्ग भजनमण्डली सच्याइ केन्द्र नेपाल	४	२०००००
२३	खाइमा घट्टेडाँडा सल्लेनी मानेगैरा सडक	७	३०००००
२४	केउरेनी खानेपानी	६	१०००००
२५	जिम्मलटोल कुलमन्दिर घेराबार रंगरोगन	४	१०००००
२६	माथिल्लो सिक्राल सडक स्तरोन्नति	१२	१०००००
२७	नागिस्थान प्रतिक्षालय निर्माण	९	२०००००
२८	बगुवाखेत कुलो मर्मत	८	१५००००
२९	भ्यागुरे कुँडहर सडक मर्मत	१	१५००००
३०	रातोडाँडा अम्बोटे धुसैनी सडक	८	१५००००
३१	दोबाटो हुँदै नेपालीटोल जाने बाटो	८	१५००००
३२	मदनआश्रित पार्क संरक्षण तथा मर्मत	१	२०००००
३३	भीमसेन मन्दिर मर्मत डाँडागाउँ	११	१०००००
३४	दिपक कार्कीको घरमाथीको पहिरो रोकथाम	१२	५००००
३५	सापमारे सालचौर सामुदायिक भवन घेराबार	१	१०००००
	जम्मा		५२०००००
	कुल जम्मा		१,०५,०५,०००

१५ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनोट गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा पूँजिगत कार्यक्रमतर्फ निर्माणका योजनामा निम्नानुसार १४ वडाको लागि वडागत र पालिकास्तरका कुल ६४१ योजनामा वजेट विनियोजन गरेको छ।

योजना	रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १०-५० लाख सम्म	५० लाख भन्दा बढी	जम्मा
वडा स्तरिय	५४	१६२	१३६	१९	१२		३८३
नगरस्तरिय	८१	९०	४४	१६	१८	९	२५८

उपर्युक्त विवरणअनुसार ५ लाख भित्रका योजना ५६७ वटा अर्थात करिब ८८ प्रतिशत रहेका छन् । पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ ।जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ नगरपालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनोट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१६ **क्षेत्रगत बजेट खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । नगरपालिकाको क्षेत्रगत रूपमा कुल बजेट रु.१,०२,३८,८१,००० बजेट मध्ये खर्च रु.८७,७७,७९,५२२.५५ अर्थात् समग्र रूपमा बजेटको ८५.६० प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	८६०८६२४१.	५८६८९०१६.९५	७
२	सामाजिक विकास	५३७५०२०५५.	४८१२५५९४१.२८	५५
३	पूर्वाधार विकास	२२५६७७४४५.	१७६९७३६२०.	२०
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२४२३५०००.	१९०२४४२७.०४	२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१५१८८०२५९.	१४१८५४५१७.२८	१६
कुल जम्मा		१०२५३८१०००.	८७७७९७५२२.५५	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५५ प्रतिशत र सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा सबै भन्दा घटी अर्थात् २ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका तोकेको आर्थिक विकास तर्फ ७ प्रतिशत तथा पूर्वाधारतर्फ २० प्रतिशत मात्र खर्च गरेको देखिन्छ । खर्च गर्दा आवश्यकताको आधारमा सबै क्षेत्रमा समानुपतिक ढंगबाट खर्च गर्नु उपयुक्त देखिन्छ।

१७ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभा बाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र नगरपालिकाको प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा नगर उपप्रमुखले मिति २०८१।०३।५ मा नीति तथा कार्यक्रम र बजेट पेश भई रू १ अर्व ४ करोड ६५ लाख ६४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।५ मा पारित भएको छ । यसै गरी नगरपालिकाको प्रमुखले मिति २०८१।०४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेखाङ्कन गर्नुपर्दछ ।

१९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । सो अनुसार पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा सभावाट दरबन्दी स्वीकृत गरेकोमा पद दर्ता गरेको पाईएन । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११८ स्थायी दरबन्दी स्वीकृत रहेकोमा आषाढ

मसान्तसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ११० जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका आर्थिक विकास शाखा अधिकृत, कानुन अधिकृत, ना.प्रा.स पशु सेवा चौथो, कानुनी सहजकर्ता सहकारी शाखा अधिकृत तथा सहायकहरु लगायत ८ स्थायी पदहरु रिक्त रहेका छन् । पालिकामा जम्मा १४ वटा वडा मध्ये १२ वडा सचिव मात्र पदपूर्ति भई २ वडा दरबन्दी अनुसारको वडा सचिव रिक्त रही करार सेवाका २ जनावाट वडा सचिवको जिम्मेवारीमा रहेको पाईयो । पञ्जीकरण, प्रमाणीकरण तथा व्यवस्थापकीय भूमिकामा रहने वडा सचिव पदमा अन्य सेवाका कर्मचारीलाई वडा सचिवको जिम्मेवारी दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त पदहरुमा स्थायी कर्मचारीहरुको पदपूर्ति हुने व्यवस्था मिलाउनु पर्दछ ।

२० **कर्मचारी काज**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ३८ मा स्थानीय तहले कर्मचारीको अभाव भएको भनी निश्चित उद्धेश्य वा अवधिको लागि कुनै कर्मचारी माग गरेमा प्रदेश सरकारले सोही प्रयोजनको लागि सम्वन्धित सेवा समूहको कर्मचारीलाई काजमा खटाउन सक्ने उल्लेख छ । पालिकाले वडा सचिव पदमा कार्यरत अमित दर्लामी २०७९/०८० देखि नै बर्दिवास नगरपालिकामा सोहि पालिकावाटै तलव सुविधा खर्च हुने गरी अवधि नतोकी काजमा खटिई गएकोमा २ वर्ष वितिसक्दा समेत फिर्ता नभएको देखिन्छ । पालिकाले वडा सचिवलाई काजमा अन्यत्र जान सहमति दिएको र सोही वडा सचिव पदमा करारमा कर्मचारी भर्ना गरी कार्यसम्पादन गरेको पाईयो । नियमावली विपरित अवधि नतोकि काजमा खटाउन सहमति दिएको नियमसम्मत देखिएन ।

२१ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका सहायक तहका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारी गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने र तोकिएको अवधिभित्र पदपूर्तिको लागि माग नगरी ज्यालादारी वा करारमा नियुक्ति गरेमा उक्त तलब भत्ता वापतको खर्च रकम नियुक्त गर्ने कर्मचारी वा पदाधिकारीवाट सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख छ । नगरपालिकाले समायोजन ऐन २०७४ को अधिनमा रही कर्मचारी समायोजन नभएसम्मको लागि स्थानीय तहमा सेवा प्रवाह सम्वन्धी व्यवस्था, २०७४ को अधिनमा रही स्वीकृत दरबन्दी भित्रका पद रिक्त भएमा मात्र करारमा कर्मचारी राख्न पाउने व्यवस्थालाई समेत कर्मचारी समायोजन भएपश्चात् र ओ एण्ड एम स्वीकृत भएपश्चात् पनि सोही आधारमा भर्ना गरेको तथा केही पद लोक सेवा आयोगमा माग समेत नपठाएको पाईयो । पालिकाले ओ एण्ड एम स्विकृत गरेतापनि प्रदेश कितावखानामा पद दर्ता गरेको छैन । नगरपालिकाले विभिन्न पदमा करारमा १७७ जना कर्मचारी भर्ना गरी रू. ४ करोड ३० लाख ५२ हजार खर्च लेखेको छ । स्थानीय सरकार गठन भएको ७ वर्ष पुरा भएको यस अवधिमा शुरु वर्ष लोक सेवा आयोग संघवाट पदपूर्ति भएको तथा पटक पटक प्रदेश लोक सेवा आयोगवाट समेत विज्ञापन भएको अवस्थामा स्थायी पदपूर्ति गर्नुपर्नेमा करार सेवालाई निरन्तरता दिनु उचित देखिँदैन । यसरी लोक सेवा आयोगमा समेत माग नगरी नियममा भएको व्यवस्था विपरित करारमा कर्मचारी नियुक्ती गरी तलब सुविधा रु.४०४५३९७ भुक्तानी गरेको नियमसम्मत देखिएन ।

स्वीकृत पद	संख्या	पदपूर्ति (आषाढ मसान्तको स्थिति) २०८२				
		संघबाट समायोजन	साविक स्थानीयमा कार्यरत	आन्तरिक पदपूर्ति	करार	करार पारिश्रमिक
वरिष्ठ सहायक तह-५	१	०	०	०	१	४६२२८०
वरिष्ठ सहायक तह-५	१०	२	५	२	१	४६२२८०
प्रशासन सहायक तह-४	१	०	०	०	१	४१६१२०
सहायक कम्प्युटर अपरेटर तह४	१	०	०	०	१	४१६१२०
ना.प्रा.स. पशु सेवा तह-४	७	०	०	४	२	४१६१२०
सव-इन्जिनियर तह-५	५	०	३	०	२	४६२२८०
असिष्टेन्ट सव-इन्जिनियर तह-४	८	०	०	७	१	४१६१२०
अमिन तह-४	१	०	०	०	१	४१६१२०
कानुन अधिकृत तह-६	१	०	०	०	१	५७७९५७
जम्मा						४०४५३९७

२२ **नगर युवा परिषद्**

पालिकाले नगर युवा परिषद् व्यवस्थापन तथा सञ्चालनको लागी रु.५ लाख विनियोजन गरी रु.३,३८,४३७ खर्च लेखेको छ । यस कार्यक्रमको लागि नगर युवा परिषद्का उपाध्यक्षको पारिश्रमिक भुक्तानी बाहेक अन्य कुनै कार्यक्रम गर्न सकेको देखिएन । नगर युवा परिषद्का उपाध्यक्षलाई विभिन्न खर्च वापत रु.६०१०२१.०० भुक्तानी भएको देखिन्छ । शिक्षा शाखावाट सम्पादन हुन सक्ने काम नगर युवा परिषद्का उपाध्यक्ष मार्फत् गराएको देखिन्छ । पालिकाले कानुन निर्माण गरी नगर युवा परिषद् को उपाध्यक्ष नियुक्ति तथा अन्य करारमा कर्मचारी जिम्मेवारी तोकी कार्य गराएको जनाएतापनि तोकिएको काम कर्तव्य अनुसारका जिम्मेवारीमा सम्बन्धमा उल्लेखनीय उपलब्धि भने देखिएको छैन । आवश्यकता र प्रयोगका आधारमा कानुन निर्माण गर्ने र खर्च गर्ने गर्नुपर्दछ ।

२३ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (३) अनुसार पालिकाले सभावाट स्वीकृत निति तथा कार्यक्रम, बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ। तद्अनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा आर्थिक वर्ष ०८१।८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार सञ्चालन नगरी विभिन्न मितिको कार्यपालिकाको पटके निर्णयको समर्थन र मिति २०८१।९।२६ को हिउँदे सभाको १६ औ नगर अधिवेशनवाट ५३ वटा योजनालाई ७८ वटा योजनामा रु.४ करोड ६३ लाख ७० हजार रकमान्तर गरेको विवरण पेश भएको छ । उक्त रकम पारित सुरु बजेटको ४.४३ प्रतिशत हुन आउँछ । तर लेखा शाखावाट रकमान्तर रकम रु.१ अर्व ४ करोड ६५ लाख ६४ हजार मात्र लेखांकन अर्थात् सुत्रमा अद्यावधिक गरी श्रेस्तामा फरक शीर्षकवाट खर्च लेखेको छ । उक्त कारणवाट खर्च लेखिएको शीर्षक वास्तविक हो होईन यकिन गर्न सकिएन । नगरकार्यपालिकावाट गरेका अन्य सम्पूर्ण निर्णयहरु आ. व. २०८२।८३ को बजेट पारित गर्दा एकमुष्ट अनुमोदन गरेको पाईयो । यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा शीर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको नियम सम्मत देखिएन । तोकिएको सीमाभित्र तोकिएको शीर्षकमा मात्र रकमान्तर गरी बजेट कार्यान्वयन प्रकृयालाई पारदर्शी बनाउनुपर्दछ । प्राथमिकीकरणमा नपरेका योजनामा वर्षान्तमा रकमान्तर गरेर बजेट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

२४ **पूँजीगत खर्च स्थिति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम प्रगति विवरण वनाई पेश गर्नुपर्ने र कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

बजेट उपशीर्षक	विनियोजन	कुल खर्च	त्रैमासिक खर्च				
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
चालु खर्चतर्फ	७०७२५५०००	६३००४७२५७	१४२०४५७५७	१२४३७४५२८	१५०९३४५०८	२१२६९२४६४	१५८५४५९४७
पुँजीगत खर्चतर्फ	३१८१२६०००	२४७७६७३५४	३८१४२०१	२६९००७०७	६५७९४९६९	१५१२५७४७७	११७३३४४२८
जम्मा	१०२५३८१०००	८७७८१४६११	१४५८५९९५८	१५१२७५२३५	२१६७२९४७७	३६३९४९९४०	२७५८८०३७४
पुँजीगत खर्च प्रतिशत		७७	२	११	२६	६१	४७
कुल खर्च प्रतिशत		८६	१७	१७	२५	४१	३१

नगरपालिकाको कुल पुँजीगत तर्फ रू ३१ करोड ८१ लाख २६ हजार विनियोजन भई रु.२४ करोड ७७ लाख ६७ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू३८ लाख १४ हजार (२ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.२ करोड ६९ लाख (११ प्रतिशत), तेस्रो त्रैमासिकमा रू ६ करोड ५७ लाख ९५ हजार (२६ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१५ करोड १२ लाख ७५ हजार (६१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू ११ करोड ७३ लाख ३४ हजार (४७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

२५ **इन्धन खर्च**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ को बूँदा ७.१.१६ अनुसार सवारी साधन सुविधा पाउने पदाधिकारीलाई ईन्धन सुविधा पाउने गरी मापदण्ड तयार गरेको छ । कार्यालयमा रहेका सवारी साधनको लागि पाउने ईन्धन सुविधा सम्बन्धमा स्पष्ट मापदण्ड, कार्यविधि बनाएको छैन। नगरपालिकामा रहेका सवारी साधनमा डिजल र पेट्रोलले चल्ने सवारी साधनको छुट्टाछुट्टै अभिलेख राखी कुपन सिस्टमबाट ईन्धन सुविधा उपलव्ध नगराएको र सवारी लकबुकको व्यवस्था पनि गरेको छैन । नगरपालिकामा चालु हालतमा डिजेल तथा पेट्रोलबाट चल्ने दुई पाङ्ग्रे र चार पाङ्ग्रे तथा ब्याक्होलोडर रहेको जनाएकोमा के कति संख्यामा रहेका छन् अद्यावधिक विवरण पेश भएको छैन । यस वर्ष नगरपालिकाले ईन्धन वापत रू.२२,७२,२०५/- खर्च गरेको छ । सो बाहेक सवारी साधन, मेशिनरी औजार मर्मत तथा ईन्धन अन्य मेशिनरी मर्मत कार्यक्रमबाट रु.१९३६००० तथा कार्यक्रमहरु समेतवाट ईन्धन खर्च गरेको देखिएको र खर्चमा मितव्ययीता एबं आन्तरिक नियन्त्रण पद्धति अवलम्बन गरेको नदेखिएकोले आन्तरिक नियन्त्रण प्रणालीमा अनुसार उक्त खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२६ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न समयमा भएको बैठक र अतिथि सत्कारमा खाना, चिया, नास्ता, जुस, पानी आदिको भुक्तानीका लागि सभावाट विविध खर्च वापत रु.१४,२१,२०९ खर्च गरेको छ । यस बाहेक अन्य फरक फरक खर्च शीर्षकहरुमा समेत विविध जोडेर बजेट विनियोजन एवं खर्च गरेको देखिन्छ। यस्तो खर्चको मापदण्ड निर्धारण गरी खर्चमा नियन्त्रण गर्ने र मितव्ययीता कायम गरिनुपर्दछ । केही उदाहरण यसप्रकार छन ।

गो भौ नं	प्रयोजन	रकम
१०६०।३।२५	विभिन्न समयको बैठक खाजा	३२६०००
७३।६।१९	कार्यक्रम तथा सभा खाना	३४६०९५
१०६१।३।२५	सभा, बैठक र अनुगमन खाना	४४९०००
३४७।१०।१४	नगरसभा खर्च	१३९८७०
१०३८।३।२५	विविध	१७१३४०

२७ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, मूल्य नखुलेको सामग्रीको मूल्य खुलाउनु पर्ने व्यवस्था रहेका छन् । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

• नगरपालिकाले नगरपालिका भित्र रहेका जिन्सी मालसमानहरु नियमानुसार जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन ।

• पाम्स अनुसार २०८१।८२ को खर्च भएर नजाने जिन्सी मालसमानको विवरणमा ट्रक-१, एम्बुलेन्स-१, पिक अप भ्यान-२, डिजिटल क्यामेरा-३, सोलार सेट-१० लगायतका मालसमानको मूल्य नखुलेको देखिएकोले मूल्य खुलाई स्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

• पाम्स लागु गर्नु भन्दा अगाडिसम्म कार्यालयको मौज्दातामा देखिएका जिन्सी सामग्रीको अनिवार्य रुपमा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी पाम्समा मौज्दात प्रविष्टि गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले जिन्सी निरीक्षण गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको र पाम्स लागु हुनुभन्दा अगावैको खर्च भएर नजाने जिन्सी खाता पेश नभएको कारण पाम्स लागु हुनुभन्दा अगावैका सबै मालसमान पाम्समा अभिलेखीकरण गरे नगरेको सम्बन्धमा यकिन हुन सकिएन। पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी पालिकाको स्वामित्वमा भएका सबै सामग्री पाम्समा अभिलेखीकरण गर्नुपर्दछ।

• नगरपालिकाले जिन्सी सहायक खातामा अभिलेख अद्यावधिक गरेको नपाइएकोले अभिलेख अद्यावधिक गर्नुपर्दछ।

• पालिकामा गत विगत देखि वडामा रहेका र यस वर्ष खरिद भएका सामग्रीहरु पाम्समा दाखिला भएको पाइएन। नगरपालिकाले सबै वडाहरुको जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी पाम्समा अभिलेखीकरण गर्नुपर्दछ।

२८ तलबी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । नगरपालिकाले यो वर्ष सभावाट तलबी प्रतिवेदन पारित गराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत शिक्षातर्फ रु.१९,३३,३२,५८८/-, स्वास्थ्य तर्फ रू.८६,७७,१५८/- र नगरपालिका प्रशासनिक कर्मचारी तर्फ रू.३,३०,४७,८१६/- समेत रू.२३,५०,५७,५६१/- खर्च लेखेको छ ।

२९ सामुदायिक वनको आय

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको बिक्री वापतको

प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित स्थानीय निकायको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले सो अनुसार आम्दानी प्राप्त गरेको पाइएन। नगरपालिकाले डिभिजन वन कार्यालयसंग समन्वय गरी राजस्व असुल गर्नुपर्दछ।

३० खरिद योजना र गुरूयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.२८,१८,४०,४०३.५४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । नगरपालिकाले ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३१ सेवा प्रवाहको अभिलेख

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था छ ।सो अनुसार नगरपालिका र ५ वडाहरुबाट सम्पादन भएको सेवा प्रवाहको अभिलेख राखी एकीकृत अभिलेख तयार गर्नुपर्नेमा नगरपालिकाले सो अभिलेख राखेको देखिएन। ऐनले तोकेका क्षेत्रगत सेवा प्रवाहको वडागत समेतको विवरण माग गरेकोमा अभिलेख अद्यावधिक गर्ने नगरेको मौखिक जवाफ दिएकोले सेवा प्रवाहको तथ्यगत प्रगति विश्लेषण गर्न सकिएन । पञ्जीकरणतर्फ, पूर्वाधार विकास सडक निर्माण, स्वीकृत घर जग्गा नक्सा पास, अभिलेख सिफारिस लगायत पालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका सेवा प्रवाहको हालसम्मको अद्यावधिक आकडाँ सहित पालिकाले सेवा प्रवाहको एकीकृत अभिलेख समेत तयार नगरेकोले सेवा प्रवाहको सम्बन्धमा विश्लेषण गर्न सकिएन । नगरपालिकाले सेवा प्रवाहको अभिलेख अनिवार्य रुपमा अद्यावधिक गरी प्रवाह लाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउनुपर्दछ।

३२ लक्ष्य प्रगति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । नगरपालिकाले पेश गरेको विवरण अनुसार शून्य प्रगति भएका कार्यक्रम २ वटा, २५ प्रतिशत सम्म प्रगति भएका कार्यक्रम २३ र ५० प्रतिशत सम्म प्रगति भएका कार्यक्रम सख्या २७ रहेको देखिन्छ । नगरपालिकाले निर्धारित समयमा कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ । साथै नगरपालिकामा सञ्चालन भएका कार्यक्रमहरुको तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ ।

कार्यक्रम/योजना संख्या	यो वर्ष खर्च	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगति	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
६४१	१७, ६९ , ७३ , ६२०.००	२	२३	२७	४५

३३ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउन बाँकी १३ र यो वर्ष थप भएको १६ गरी कुल २९ विवाद दर्ता भएकोमा २२ वटा फस्र्यौट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३४ कानून निर्माण स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ वटा नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म २७ वटा ऐन, ५ वटा नियमावली, ५५ वटा कार्यविधि र अन्य १८ समेत लगायत १०५ वटा कानून निर्माण गरेको छ । साथै पालिकाले उक्त कानूनहरू नगरसभा/कार्यपालिकाबाट स्वीकृत गरेर राजपत्रमा प्रकाशन गरेकोमा केही कानूनहरुमा छपाइमा त्रुटी भएको जनाई पुन: राजपत्रमा छपाउने काम भईरहेको पालिकाले जनाएको छ । उल्लेखित कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

३५ खर्च विश्लेषण

नगरपालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.४,५३,४४,०७७.०५ राजस्व बाँडफाँड र अनुदानबाट रू.८६,८३,३०,६५७ तथा अन्य विविध आय समेत रू.१,१८,०७,३४,५०५.२ आम्दानी भएकोमा चालु तर्फ रू.६७,२८,१३,०७१.५८, पुँजीगत तर्फ रू.२८,१८,४०,४०३.५४ तथा सामाजिक सुरक्षा कार्यक्रम समेतको वित्तीय व्यवस्थामा रू.२५,७७,७१,४७३.२३ गरी कुल रु.१,२१,२४,२४,९४८.३५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रू.१,५१,७०,८९९ खर्च भएको छ, जुन आन्तरिक आयको ३३.४६ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँड समेतको आम्दानी रकमबाट चालुतर्फ ५५ प्रतिशत, पुँजीगत निर्माणमा २३ प्रतिशत र फिर्ता तथा सामाजिक सुरक्षा अनुदान समेतको वित्तीय व्यवस्थामा २२ प्रतिशत खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च बजेट व्यवस्था एवं खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३६ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, सम्झौता रकम, भुक्तानी भएको रकम, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन, पेश्कीको विवरण लगायतको जानकारी उपलब्ध हुन्छ । नगरपालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

३७ सहकारी सञ्चालन स्थिति

सहकारी ऐन २०७४, को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनुपर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका,२०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गतेभित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र सहकारी संचालनमा रहेका सहकारी संस्थाको अद्यावधिक अभिलेख राखेको छैन । पालिकाले केहीको आंशिक विवरण पेश भएको र केही निष्कृय रहेको जनाएको छ । पालिकाभित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणालीवाट मासिक विवरण दाखिला गरेको पाईएन । त्यसैगरी पालिकावाट अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन समन्वय समेत गर्ने गरेको छैन । पालिका भित्र विभिन्न समस्या आइसकेका र समस्या उन्मुख सहकारी संस्था, उजुरी परेका सहकारीका बचत कर्ताहरुको बचत फिर्ता गर्न नसकी संस्थाको कार्यालय नियमित संचालनमा नरहेका र सहकारीका बचतकर्ताको बचत जोखिममा परेका संस्था सम्बन्धमा आधिकारिक विवरण उपलव्ध भएन ।

तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा नगरपालिकाभित्र कारोबार गर्दै आएका सहकारी संस्थाहरुको लगत अद्यावधिक गर्ने, बचत रकमको सुरक्षाका लागि लगानी लगायतका कारोबारको अनुगमन गरी जनताको बचत रकमको सुरक्षा हुने गरी आवश्यक व्यवस्थाको लागि विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३८ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने उल्लेख छ।त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(५) अनुसार खरिद सम्झौता वमोजिम पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाको सुत्र प्रणालीको विवरण अनुसार कुल जम्मा रु.१०,००,००० पेश्की बाँकी रहेको विवरण पेश भएकोमा रु ४००००००.०० म्याद नाघेको पेश्की देखिएकोले उक्त पेश्की असुल फर्छयौट हुनुपर्दछ साथै म्याद ननाघेको पेश्की समेत सम्झौता अनुसार तोकिएको अवधिमा फर्छयौट हुनुपर्ने रु.

पेश्की मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती वा कम्पनी	जम्मा बाँकी पेश्की		
				म्याद ननाघेको	म्याद नाघेको	जम्मा
०८१/१२/२०	३३६	बाल ताम्रकौशिका आ.वि. भवन निर्माण नगरपालिका संग साझेदारी	एस.एण्ड.एस.कन्ट्रक्सन	३०००००		३०००००
०८२/०१/२५	४३६	बाल ताम्रकौशिका आ.वि. भवन निर्माण नगरपालिका संग साझेदारी	एस.एण्ड.एस.कन्ट्रक्सन	३०००००		३०००००
०८२/०३/३२	१०८९	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	मन्थली मा.वि मन्थली १ रामेछाप	०	४०००००	४०००००
		जम्मा		६०००००	४०००००	१००००००

पेश्की	४,००,०००

३९ **चौमासिक विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा नगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाब पठाएको देखिएन । तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु उल्लेखित निकायहरुमा पठाउनु पर्दछ।

४० **कृषि तथा पशु अनुदान**

नगरपालिकाले कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट निम्नानुसारको रु.९५ लाख ३२ हजार अनुदानमा खर्च भएको देखिन्छ ।

पशु सेवा अनुदान वितरण विवरण					
क्र.सं.	कार्यक्रमको नाम	साझेदार संस्था	विवरण	खर्च	कैफियत
प्रदेश सशर्त					
१	दुध उत्पादनमा प्रोत्साहन अनुदान	८११ कृषक	७ वटा दुध संकलन केन्द्रमा दैनिक दुध बिक्री गरेको ५३४६५४ लिटर दुधको तथ्याङ्कको आधारमा प्रति लिटर रु. २।५० का दरले सम्बन्धित किसानको बैंकखातामा भुक्तानी	१३३६६३५	
२			७ वटा दुध संकलन केन्द्रमा दैनिक दुध बिक्री गरेको ४७४१६०.६८ लिटर दुधको तथ्याङ्कको आधारमा प्रति लिटर रु. २।५० का दरले सम्बन्धित किसानको बैंक खातामा भुक्तानी	११८५४०१.७	
३	समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम	मन्थली दुग्ध सहकारी लि. मन्थली-१ का ३० जना कृषक	मन्थली नगरपालिका वडा नं. १ का कृषकहरुलाई २५ वटा होलिन्टिन जर्सी गाई खरिद। मेशीनरी औजार उपकरण तथा गोठ सुधार २० प्रतिशत अनुदान	१२५७५००	
	संघीय सशर्त				
४	मा नयाँ च्याउ पकेट विकास कार्यक्रम सञ्चालन	डोलेश्वर कृषि तथा पशुपन्छी फर्म, मन्थली-१२	१ वटा फलाम (ट्रस) को र १ वटा बाँसको प्लाष्टिक घर निर्माण सिंचाई सहित। १५० किलो च्याउको बीउ।२० एम एम प्लाष्टिक पाइप ३०० मिटर।५० प्रतिशत अनुदान।	१८२३६५	
५	नयाँ च्याउ पकेट विकास कार्यक्रम सञ्चालन	घुर्पाङ कृषि तथा पशुपन्छी फर्म, मन्थली-१२	२ वटा फलाम (ट्रस) को प्लाष्टिक घर निर्माण सिंचाई सहित। २०० किलो च्याउको बीउ। २० एम एम प्लाष्टिक पाइप ३०० मिटर। १००० लिटर प्लाष्टिक टंकी १ वटा। ५० प्रतिशत	२७३९२९	
६	नयाँ च्याउ पकेट विकास कार्यक्रम सञ्चालन	कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन कृषक समूह, मन्थली-5	२ वटा फलाम (ट्रस) को प्लाष्टिक घर निर्माण सिंचाई सहित। २०० किलो च्याउको बीउ। २० एम एम प्लाष्टिक पाइप ३०० मिटर। १००० लिटर प्लाष्टिक टंकी १ वटा। ५० प्रतिशत	२४६१४५	
७	नयाँ च्याउ पकेट विकास कार्यक्रम सञ्चालन	प्रगतिशील फलफूल कृषक समूह मन्थली-10	१ वटा फलाम (ट्रस) को प्लाष्टिक घर निर्माण। ५० किलो च्याउको बीउ। १० प्लाष्टिक। ५० प्रतिशत अनुदान।	८९५८९	
८	नयाँ च्याउ पकेट विकास कार्यक्रम सञ्चालन	चनखु सिद्धि गणेश कृषि स.सं.लि. मन्थली-10	१ वटा फलाम (ट्रस) को प्लाष्टिक घर निर्माण। ५० किलो च्याउको बीउ। १० प्लाष्टिक। ५० प्रतिशत अनुदान।	९२०१०	
९	खाद्यन्न बालीको उन्नत बीउ प्रयोगमा अनुदान	६३ समूह/सहकारी	२२३९९ किलो धान, गहुँ, मकैको बीउ वितरण। ५० प्रतिशत अनुदान।	८२५०००	३६०८९३ थप नगरपालिका
	प्रदेश सशर्त				
१०	तरकारी खेती प्रवर्द्धन कार्यक्रम	सिद्धेश्वर महादेव स्वाबलम्बी महिला कृषक समूह, मन्थली-१२	७ एच पी मिनिटिलर २ वटा। २५ वटा प्लाष्टिक घर निर्माण। स्प्रेयर ३ वटा। ८७ पाकेट तरकारीको बीउ। ७५ पाकेट विषादी। ५० प्रतिशत अनुदान	२६२१२५	
११	तरकारी खेती प्रवर्द्धन कार्यक्रम	घुर्पाङ सेतीदेवी कृषि तथा पशुपन्छी फर्म,	फलामको टनेल १। ३२ एम एम पाइप ३०० मिटर। तरकारीको बीउ। १००० लिटर पानी टंकी। ५० प्रतिशत अनुदान।	९१५७२	

		मन्थली-१२			
१२	तरकारी खेती प्रवर्द्धन कार्यक्रम	गेलु खाँडादेवी कृषि तथा पशुपन्छी फर्म, मन्थली-१२	प्लाष्टिक टनेल ४ वटा। तरकारीको बीउ १३ पाकेट। ७ एच पी मिनिटिलर १ वटा। सुक्ष्म खाद्यतत्व १५ पाकेट। डिजिटल तराजु १। ५० प्रतिशत अनुदान	९७४४५	
१३	फलफूल खेती प्रवर्द्धन कार्यक्रम	अनुकरणीय कृषि तथा पशुपंक्षी फर्म, मन्थली-१	१००० लिटर टंकी १ वटा। २० एम एम पाइप ३०० मिटर। ३२ एम एम पाइप १५० मिटर। फलफूलको बिरुवा ६७ वटा। ५० प्रतिशत अनुदान	९३७२६	
१४	फलफूल खेती प्रवर्द्धन कार्यक्रम	बहु आयामिक कृषक समूह, मन्थली-१	फलफूलको बिरुवा ८७ वटा। २० एम एम पाइप ३०० मिटर। घेराबार। ५० प्रतिशत अनुदान।	९७५१२	
१५	फलफूल खेती प्रवर्द्धन कार्यक्रम	बहु आयामिक पशुपालन फर्म, मन्थली-१	फलफूलको बिरुवा ३५ वटा। ३२ एम एम पाइप ८९४ मिटर। घेराबार। ५० प्रतिशत अनुदान।	९९४२२	
	नगरपालिका तर्फ				
१६	एक वडा एक उत्पादन पकेट (फलफूल पकेट)	लालीगुराँस कृषक समूह, मन्थली-४	एल्मुनियम भऱ्याङ ४ वटा। २० एम एम पाइप ६०० मिटर। जि आई तार जाली १९ रोल। १००० लिटर पानी टंकी ६ वटा।	१४९७०५	५० प्रतिशत अनुदान
१७	एक वडा एक उत्पादन पकेट (तरकारी पकेट)	चिसापानी कृषि सहकारी सं.लि., मन्थली-८	थोपा सिंचाई सेट र प्लाष्टिक मल्चिङ २५/२५ वटा। प्लाष्टिक टनेल १३ वटा। गोलभेडाको बीउ १२० पाकेट। २०० लिटर ड्रम २५ वटा।	२५००००	
१८	एक वडा एक उत्पादन पकेट (तरकारी पकेट)	जागरण कृषक समूह, मन्थली-२	थोपा सिंचाई सेट ६ वटा। प्लाष्टिक टनेल ३ वटा। तरकारीको बीउ ५५ पाकेट। डिजिटल तराजु २ वटा। १००० लिटर ड्रम १६ वटा। ४७ वटा बाली संरक्षण सामग्री।	१४९८९९	
१८	एक वडा एक उत्पादन पकेट (तरकारी पकेट)	नमुना ताजा तरकारी तथा फलफूल उत्पादक कृ.स. मन्थली-7	प्लाष्टिक टनेल ९ वटा। मिनिटिलर २ वटा। १००० लिटर ड्रम २ वटा। तरकारीको बीउ १२६ पाकेट।	१९५९५१	
२०	एक वडा एक उत्पादन पकेट (फलफूल पकेट)	सृजनात्मक कृषक समूह, मन्थली-6	७ एच पी मिनिटिलर १ वटा। तरबुजाको बीउ १ किलो। पानी तान्ने मोटर १ वटा। विषादी ६० पाकेट।	१२५७३०	
२१	एक वडा एक उत्पादन पकेट (तरकारी पकेट)	गेलु दोभान तरकारी कृषक समूह, मन्थली-12	विडर १ थान। १००० लिटर पानी टंकी ३ वटा। थोपा सिंचाई। तरकारीको बीउ २७ पाकेट। बिषादी ५३ पाकेट। ३२ एम एम पाइप ३०० मिटर।	९७६१०	
२२	एक वडा एक उत्पादन पकेट (दलहन पकेट)	राल्टार बहु उदेश्यीय कृषक समूह, मन्थली-3	७ एच पी मिनिटिलर १ वटा। दलहन बालीको बीउ ३३२ किलो। बिषादी १३० पाकेट। डिजिटल तराजु १० वटा।	९९७७७	
२३	एक वडा एक उत्पादन पकेट (मसला पकेट)	जुनेली कृषक समूह, मन्थली-5	अदुवाको बीउ ६६७ किलो। विषादी १९५ पाकेट। ५०० लिटर ड्रम १० वटा।	९९९२५	
२५	एक वडा एक उत्पादन पकेट	केराबारी कृषक समूह, मन्थली-11	अदुवाको बीउ ७०० किलो। बेसारको बीउ ७०० किलो।	९९५००	

	(मसला पकेट)				
२६	एक वडा एक उत्पादन पकेट (तरकारी पकेट)	चुकाहाफाँट कृषक समूह, मन्थली-1	तरकारीको बीउ १८९ पाकेट। ५०० लिटर पानी टंकी ६ वटा। ब्याट्री स्प्रेयर ५ वटा। मल्चिङ प्लाष्टिक, विषादी।	९८९३४	
	कुल जम्मा			९५३२१५४	

पालिकाबाट अनुदानग्राही छनोट गर्दा छनोटका आधारहरू के के हुन र के कसरी मूल्यांकन भई छनोट भएको हो सो खुल्ने छनोटको स्पष्ट आधार नतोकी कतिपय अनुदान कार्यपालिकाबाट सोझै फर्मको नाम खुलाएरै निर्णय समेत गरेको पाइयो । विगत वर्षहरुमा समेत यस्ता कार्यक्रम रहेकोमा को को व्यक्तिलाई कति वितरण गरिएको थियो, यसको कुनै विवरण अद्यावधिक नगरेको, यस्तै प्रकारको अनुदान प्रदेश र संघीय सकरकारबाट समेत वितरण गर्ने गरेकोले दोहोरो पर्न जाने पनि देखिन्छ । पालिकाले बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन र अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको पाइएन । पालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राही छनोटको स्पष्ट आधार र मापदण्ड तयार गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ र यस्ता खर्चका पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिक गरी अनुदान वितरणलाई व्यवस्थित बनाउनु पर्दछ ।

४१ **कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना (हेफर प्रोजेक्ट नेपाल)**

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशील र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वाबलम्बी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गर्नु र कृषि, पशु बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, बागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशीलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु २८२८५७१४।- को लागत साझेदारीमा मिति २०८०।०६।१४ देखी ०८२।३।१६ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०८०।२।३० मा सम्झौता भएको छ । कुल लागत मध्ये ७० प्रतिशतले हुने रकम रु १९८००००० पालिकाले र बाँकी हुने रकम रु ८४८५७१४।- हेफरले व्यहोर्ने व्यवस्था गरेको छ । यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८१।८२ मा रु. ९८,७०,८०७।- भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएका थप व्यहोरा निम्नानुसार रहेको छन् :

(क) पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशीलता विकास परियोजना सञ्चालनको लागि दुई वर्षको लागि सम्झौता गरेको मध्ये पालिकाबाट गर्ने खर्च मध्ये २५, ५० र २५ प्रतिशतले हुने रकम पेश्की स्वरुप किस्तामा उपलव्ध गराउने गरी सम्झौता गरेको छ । उक्त संस्थाले आफुले कार्यान्वियन नगरी पहाडी समाज कल्याण केन्द्र मार्फत् कार्यक्रम गर्ने गरेकोमा प्राविधिक सेवा तथा मुल्यांकन, प्रशासनिक खर्च, कार्यालय सञ्चालन तथा पारिश्रमिक, खाना खाजा तथा बैठक भत्ता समेत पालिकासँग सम्झौता अनुसारको बजेटको हेफर अंशबाट भुक्तानी हुने गरेको पाईयो । पालिकामा रहेका स्थाई दरबन्दी भित्रको कृषि/ पशु शाखाबाट सम्पादन गर्नुपर्ने नियमित काम उक्त अन्तराष्ट्रिय गैरसरकारी संस्थालाई भुक्तानी गर्ने गरी सम्झौता गर्दा पालिकालाई थप व्ययभार परेको छ । साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा कार्यक्रम कार्यान्वियन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप उपलब्ध गाराउनु पर्ने व्यवस्था छ।कुनै पनि पेश्की रकम भुक्तानी दिँदा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले सिफारिस गरेको देखिएन ।

(ख) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थावाट कार्य गराउँदा खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदातासँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनोट गर्ने र खरिद सम्झौता पश्चात् सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई सम्झौता रकमको २ प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ ।

पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत दुई किस्तामा यस वर्ष रु.९३८९००० लाख पेश्की दिएको नियमसम्मत देखिएन ।

(ग) पालिका र हेफर नेपाल बीच सम्झौता भएकोमा हेफर नेपाल संस्थाले पहाडी समाज कल्याण केन्द्र मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो । सम्झौता अनुसार संचालित कार्यक्रमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकावाट स्थलगत अनुगमन सहित कमी कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन ।

(घ)सम्झौता बमोजिम परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धि र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा प्रगति पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धि र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन।उपलब्धि र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

(ङ) सम्झौतामा ७० प्रतिशत नगरपालिका र ३० प्रतिशत हेफरले व्यहोर्ने देखिएकोमा हेफरको लागत साझेदारी संस्थाको कर्मचारी तलब, भत्ता जस्तो प्रशासनिक कार्यमा ३० प्रतिशत योगदान गर्ने र ७० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले बेहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलब खर्च साझेदारी रकममा परेकोले वास्तविक कामको लागत साझेदारी भएको देखिदैन । लाभग्राही कृषकलाई वितरण गरिएका बाख्रा, भैसी, गाई लागायतका पशु चौपायाको वितरणको भरपाई पेश भएको भएतापनि उक्त पशु चौपाया बेच विखन गर्ने, काटी मासी नगर्ने लगायतका प्रतिबद्धता करार समेत नगराई वितरण गरिएकोले निजहरुले बुझेका पशु चौपाया मार्फत अधिकतम लाभ लिइ उद्यमशीलता विकास हुनेमा सुनिश्चित हुन सकिएन। उक्त खरिद भएका सामग्री एवं पशु चौपायाको गुणस्तर परीक्षण गरेको पाइएन ।

४२ **यन्त्र उपकरण सञ्चालन**

पालिकामा १ एम्बुलेन्स, २ एक्साभेटर, १ वारुणयन्त्र लगायत उपकरण रहेका छन्। पालिकाको जे.सी.बि बाट बाटो सफा गर्ने, पहिरो पन्छ्याउने लगायतका कार्य गर्ने गरेको उल्लेख गरेकोमा कुन कुन ठाँउमा के कति काम गरेको विवरण एवं कार्य सम्पन्न प्रतिवेदन तयार नगरेको र इन्धन प्रयोग गरेको लगबुक पनि नराखेको कारण उक्त कार्य भए नभएको यकिन हुन सकेन ।पालिकाले २ स्काभेटरहरु मर्मतको लागि रु.९८६१२५।– खर्च गरेको देखिएको तर इन्धनमा भएको खर्चको अभिलेख राखेको छैन । पालिकाले यस्ता कार्य गर्दा इन्धन प्रयोगको लगबुक स्पष्ट राख्ने र पालिकाको कामको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक र मर्मत खर्च तथा सञ्चालन आय निम्नानुसार रहेको छ। उपकरण संचालन कार्यविधि अनुसार प्रयोग नगरी पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

सामानको विवरण	इन्धन लागत	मर्मत लागत	जनशक्ति लागत	आय	खर्च
एक्साभेटर २ वटा	१२५४४१६		नखुलेको	२४७४०	१२५४४१६
एम्वुलेन्स	अभिलेख नराखेको		अभिलेख नराखेको	९१६७५०	अभिलेख नराखेको

४३ **विज्ञापन करः**

नगरपालिकामा विज्ञापन कर वापत रु.१०१७५०.०० असुल भएको छ । सो सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

४३.१

बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लोबोर्ड, स्टल, डिजिटलबोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरङ्गको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरीने उल्लेख छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका यस्ता किसिमका विज्ञापनको अभिलेख राख्ने गरेको छैन । नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विज्ञापनको अभिलेख अद्यावधिक गरी करको दायरा भित्र ल्याउनु पर्ने देखिन्छ ।

४३.२ पालिकाले विज्ञापन करको लागि ३ वटा फर्मसँग कोटेशन माग गरी मिति २०८०।३।१९ मा आकृति एण्ड इन्टरप्राइजेसंग रु.९२५००.०० को सम्झौता भएको छ । सम्झौतामा अवधि २ वर्षको लागि हुने र वार्षिक १० प्रतिशत वृद्धि हुने उल्लेख छ । यसरी नगरपालिकाको आम्दानी बढाबढको प्रक्रियाबाट असुलको लागि सार्वजनिक सूचना प्रकाशन नगरी ३ वटा कोटेशनमा सीमित भएर प्रतिस्पर्धा सीमित हुने गरी सम्झौता गरेको उपयुक्त देखिएन।पालिकाले प्रतिस्पर्धात्मक रुपमा आम्दानी गर्नुपर्दछ ।

४३.३ नगरपालिकाले विज्ञापन करको लागि न्युनतमा शुल्क निर्धारण गर्दा २०७८।७९ मा भएको सम्झौतालाई आधार मानी प्रति वर्ष १० प्रतिशत थप गरी न्युनतम मूल्य कायम गरेको छ । आ.व. २०७९।८० को सम्झौता गर्दा विज्ञापन असुल गर्ने विभिन्न ७ क्षेत्रमा विज्ञापन कर असुल गर्न अनुमति दिएकोमा पछिल्लो सम्झौतामा डिजिटल वोर्ड थप गरेको देखिन्छ। पालिकाको विकाससंगै प्रत्येक वर्ष विज्ञापनको क्षेत्र एवं संख्या बढ्दै गएको अवस्था छ। यसरी विज्ञापन कर असुल गर्ने क्षेत्र थप भएकोमा समेत पुरानो सम्झौतालाई आधार मानी न्युनतम दर कायम भएको उपयुक्त देखिएन।

४४ **आन्तरिक आम्दानीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाको आम्दानी प्रतिवेदन अनुसार यसवर्ष आन्तरिक आय तर्फ रू. २९३६६९३२.५ असुल गरेको देखिन्छ । सो सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्

४४.१ **बहाल करः** नगरपालिकाको बसपार्क स्थित कच्ची घरको घरभाडाको लागि नगरपालिका र मिना कुमारी तामाङ्बीच २०८०।४।१ मा २ वर्षको लागि रू.६६०५०.०० को सम्झौता भएको छ। उक्त सम्झौताको बुँदा नं ४ मा उक्त भवन भाडामा लिए वापत नेपाल सरकार, नगरपालिका वा अन्य सरकारी निकायलाई प्रचलित ऐन नियम बमोजिम कुनै किसिमको बहालकर दस्तुर र अन्य कर महशुल बुझाउनु परेमा दोश्रो पक्ष अर्थात बहालमा लिने स्वंयमले नै अनिवार्य रुपमा व्यहोर्नुपर्ने व्यवस्था छ। सम्झौता अनुसार नगरपालिकालाई मासिक १० प्रतिशतका दरले बहालकर बुझाउनु पर्नेमा सो नबुझाएको देखिएकोले मासिक रू. ६६०५.०० का दरले २४ महिनाको रू. १५८५००.०० छुट भएको बहालकर सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रू.

असुल गर्नुपर्ने	१,५८,५००

४४.२ **बहाल करः** मन्थली नगरपालिकाको कम्पलेक्स भवन भाडाको लागि नगरपालिका र कर्ण कुमारी श्रेष्ठ बीच मिति २०८१।९।८ मा प्रतिमहिना रु. ३६५५५.०० भाडाको सम्झौता भएको छ । उक्त सम्झौताको बुँदा नं ८ मा बहाल सम्झौता भए पश्चात नेपाल सरकार, नगरपालिका वा अन्य सरकारी निकायलाई प्रचलित ऐन नियम बमोजिम कुनै किसिमको बहालकर दस्तुर र अन्य कर महशुल बुझाउनु परेमा दोश्रो पक्ष अर्थात बहालमा लिने स्वंयमले बुझाउनु पर्ने व्यवस्था छ ।सम्झौतामा प्रत्येक तेस्रो महिनाको ७ गते भित्र पुनः आगामी ३ महिनाको भाडा बुझाउनुपर्ने व्यवस्था अनुरुप यस आर्थिक वर्षमा ३ किस्तामा रु. ३२८९९५.०० असुल भएकोमा सम्झौता अनुसार नगरपालिकालाई १० प्रतिशतका दरले बहालकर बुझाउनु पर्नेमा सो नबुझाएको देखिएकोले छुट भएको बहालकर रु. ३२८९९.०० सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रू. ३२८८९.००

असुल गर्नुपर्ने	३२,८८९

४४.३

नगरपालिकाको सुत्र अनुसारको आन्तरिक राजस्वको आम्दानी प्रतिवेदन अनुसार यस वर्षको आन्तरिक आम्दानी रू.६१६३७०४७.०० देखिन्छ जुन नगरपालिकाको यस वर्षको वास्तविक आय भन्दा रू. ३२२७०११४.५ बढी रहेको छ । सो सम्बन्धमा गत आ.व. मा आन्तरिक राजस्व र विभाज्य कोषमा मौज्दात ऋणात्मक देखिएको हिसाब मिलानको लागि रू.३१९९४०५२.६१ आम्दानी बाँधेकोले आन्तरिक राजस्व बढी देखिएको पालिकाले जानकारी गराएको छ । सो बाहेक रू.२७६०६२.०० समेत हिसाब मिलान गरी आम्दानी देखाएकोमा के वापतको हिसाब मिलान गरेको स्पष्ट छैन । पालिकाले सो को स्पष्ट विवरण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,७६,०६२

४४.४ **मू.अ.कर दाखिलाः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ ।सोही अनुरुप नगरपालिका र निम्न निर्माण व्यवसायी/व्यक्ति बीच भएको सम्झौतामा मू.अ.कर समेत रकम असुल गर्ने उल्लेख भएकोमा नगरपालिकाले मू.अ.कर समेत असुल गरेको तर असुल भएको मू.अ.कर रकम रू. ३८७४२४.०० सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरेको नपाईएकोले उक्त रकम सम्बन्धित राजस्व शीर्षक ३३३१७ (बेदर्ताबालबाट गर्ने संकलन) दाखिला भएको प्रमाण पेश हुनुपर्ने रू.

सि.न.	विवरण	निर्माण व्यवसायी/ व्यक्ति	सम्झौता मिति	मू.अ.कर बाहेको सम्झौता रकम	मू.अ.कर रकम
1.	फोहरमैला व्यवस्थापन	जलदेवी कन्स्ट्रक्शन कम्पनी	२०८१।४।३०	८०५०००	१०४६५०
2.	पार्किङ् शुल्क	जलदेवी कन्स्ट्रक्शन कम्पनी	२०८१।४।३०	८०००००	१०४०००
3.	कम्पलेक्सबाट आम्दानी	कर्ण कुमारी श्रेष्ठ	२०८१।९।८	३६५५५ मासिक	४२७८०
4.	तीनलाल पर्यटकीय पार्क संचालन तथा व्यवस्थापन	याङ्जोम सप्लायर्श	२०८१।१।६	१००००००	१३००००
5.	हाटकर	अनिल माझी			५९९४
					३८७४२४

प्रमाण पेश नगरेको	३,८७,४२४

४५ **एम्बुलेन्स आम्दानीः**

नगरपालिकाको एम्बुलेन्स सञ्चालन कार्यविधि, २०७९ को बुँदा नं. ५ अनुसार एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले अनुसूची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रूपमा बुझाउनु पर्ने व्यवस्था छ । सुत्रको विवरण अनुसार नगरपालिकामा यस वर्ष एम्बुलेन्स वापत रु.९१६६५०.०० आम्दानी भएको देखिन्छ। एम्बुलेन्स प्रयोगको लागि रसिद नलिई मौखिक निर्देशनको आधारमा प्रयोग गर्ने गरेको कारण एम्बुलेन्सको लकबुकमा निम्न व्यक्तिहरुले एम्बुलेन्स प्रयोग गरेको तर शुल्क नबुझाएकोले लकबुकमा रु ४२८००.०० बाँकी भनेर देखाएको पाइयो।यसरी एम्बुलेन्स प्रयोग गर्ने तर शुल्क नबुझाएकोमा उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

क्रस	मिति	प्रयोगकर्ताको नाम	बाट	सम्म	भाडा रकम	निर्देशन दिने व्यक्ति
1.	३१/४/२०८१	केशव रोका	मन्थली	काठमाण्डौं	८०००/-	केशव फुयाल
2.	०६/२६/२०८१	सुरेन्द्र कार्की	मन्थली	काठमाण्डौँ	८०००/-	नगर प्रमुख
3.	०७/१९/२०८१	लब श्रेष्ठ	मन्थली	काठमाण्डौँ	८०००/-	नगर प्रमुख
4.	२१/७/२०८१	वडा नँ ९ कार्यालय	मन्थली	पुरानागाँउ	२४००/-	प्र.प्र.अ.
5.	०९/१७/२०८१	राजन घिमीरे	मन्थली	सालु	१८००/-	वडा नं ४ वडा अध्यक्ष
6.	०९/२४/२०८१	ओमकार अधिकारी	मन्थली	फुलासी	२९००/-	प्र.प्र.अ.
7.	१०/२६/२०८१	केशव फुयाँल	मन्थली	काठमाण्डौँ	८०००/-	नगर प्रमुख
8.	१०/३०/२०८१	नाम नखुलेको	मन्थली	देबिटार	१७००/-	नगर प्रमुख
9.	११/०९/२०८१	सागर बोहोरा	मन्थली	नाटिला	२०००/-	प्र.प्र.अ.
		जम्मा रु.			४२८००/-	

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	४२,८००

४६ **दहत्तर बहत्तर शुल्कः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा गिटी बालुवा विक्री गर्न सक्ने व्यवस्था छ । संचित कोषको वित्तीय प्रतिवेदन अनुसार पालिकाले यस वर्ष दहत्तर बहत्तर शुल्क बापत रू.१०२४९१५०.०० संकलन गरेको छ । सो सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार रहेका छन्

४६.१ मन्थली नगरपालिका भएर बग्ने तामाकोशी, सुनकोशी, रणजोर र सुकाजोर नदी किनारका वभिन्न वगरक्षेत्रबाट ढुंगा गिटी वालुवा उत्खनन् गर्नको लागि स्विकृत गरेको IEE प्रतिवेदन अनुसार २ वर्षको लागि उत्खनन् योग्य परिमाण १५१५०९ भएकोमा सो को ४० प्रतिशत दिगो संकलन/ उत्खनन् परिमाण ६४६०४ घनमिटर रहेको वार्षिक रुपमा ३२३०१ घनमिटर अर्थात ११४०७२९.४२ उत्खनन् खर्च सकिने उल्लेख छ । नगरपालिकाले रु.७९८५५००.०० (मु.अ.कर बाहेक) संकलनको लागि न्युनतम रकम तोकि बोलपत्र आवह्वान गरेकोमा जि.एस.कुनौरी कन्स्ट्रकशनको ठेक्का स्विकृत भएको छ। नगरपालिका र कन्स्ट्रक्शन बीच मिति २०८१।६।२१ मा भएको सम्झौताको बुँदा नं ६ मा विक्री मूल्य वा दस्तुर, शुल्क तोकिएको संकलन केन्द्रमा मात्र पठाउनुपर्ने साथै घाटगद्दी गरेर मात्र विक्री वितरण गर्नुपर्ने, बुँदा नं १४ मा ठेक्का संकलन केन्द्रको विवरण तोकिए बमोजिमको ढाँचामा राख्नुपर्ने र तोकिएको स्थानमा बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नुपर्ने भएमा नगरपालिकाको पूर्व स्विकृत लिएर राख्नुपर्ने व्यवस्था छ । साथै सम्झौताको बुँदा नं २ मा नदीजन्य पदार्थको उत्खनन् संकल गरी घाटगद्दि क्षेत्रबाट विक्रि वितरण गर्ने क्रममा उल्लिखिल शर्तहरु पालना भए नभएको सम्बन्धमा नगर स्तरीय अनुगमन समिति तथा नगरपालिकाले खटाएको टोलीले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्ने उल्लेख छ । निर्माण व्यवसायीले सम्झौता अनुसार संकलन केन्द्रको विवरण तोकिए बमोजिमको ढाँचामा राखेको र घाटगद्दी गरेर मात्र विक्री वितरण गरेको प्रमाण पेश भएको छैन। नगरपालिकाबाट सो सम्बन्धमा जानकारी लिँदा घाटगद्दि नगरी बिक्री गरेको जानकारी प्राप्त भएको र नगरपालिकाले समेत अनुगमन गरेको पाइएन। जसले गर्दा कन्स्ट्रक्शन कम्पनीले तोकिएको परिमाण, तोकिएको स्थान र तोकिएको अवधिमा मात्र संकलन गरेको सम्बन्धमा यकिन हुन सकेन।पालिकाले सम्झौताको प्रावधानहरु पालना गराउदै सो को अनुगमन प्रभावकारी गराउनुपर्दछ ।

४६.२

नगरपालिका र कन्स्ट्रक्सन कम्पनी बीच भएको सम्झौताको बुँदा नं ३ मा ठेक्का कबोल गर्ने फर्मले पहिलो किस्ता कम्तिमा रु. ३१६४०००.०० सम्झौताको बखत, बाँकी किस्ता वापतको रु. ३१६४०००.०० २०८१ फाल्गुण मसान्त भित्र र बाँकी रु. २७१२०००.०० जेठ मसान्त भित्र कार्यालयमा बुझाउनु पर्ने, बुँदा नं. ११ मा तोकिएको म्याद भित्र रकम नबुझाएमा बाँकी किस्ता रकमको वार्षिक १० प्रतिशतका दरले व्याज समेत दोश्रो पक्षबाट नगरपालिकाले असुल गर्ने व्यवस्था छ। कन्स्ट्रक्शन कम्पनीले सम्झौता अनुसार तोकिएको भन्दा ढीला किस्ता रकम दाखिला गरेकोले सम्झौता अनसार व्याजवापत रु. ३१८२५.०० असुल भएको प्रमाण पेश हुनुपर्ने रु.

किस्ता नं र रकम	बुझाउनुपर्ने मिति	बुझाएको मिती	ढिला भएको दिन	रकम
दोश्रो- ३१६४०००	२०८१।११।२९	२०८१।१२।१७	१७	१४७३६
तेस्रो- २७१२०००	२०८२।२।३१	२०८२।३।२३	२३	१७०८९
				३१८२५

असुल गर्नुपर्ने	३१,८२५

४६.३ सुनकोशी मरिण डाईभर्सन आयोजनाको लागि २०८१।८२ को लागि आवश्यक ३५०००० क्यु फि. ढुँगा गिटी वालुवा संकलको लागि नगरपालिका र पटेल रमन जे.भि बीच मिति २०८१।१०।६ मा रु. २७६८५००.०० को सम्झौता भएको छ। सम्झौताको बुँदा नं ३ मा ४० प्रतिशत रकम सम्झौता गर्दाको बखत, ३० प्रतिशत रकम चैत्र मसान्त भित्र र बाँकी ३० प्रतिशत बैशाख मसान्त भित्र बुझाउनु पर्ने उल्लेख छ। उक्त निर्माण व्यवसायीले सम्झौता अनुसार तोकिएको ३० प्रतिशत अर्थात रु १६६११००.०० मिति २०८२।४।८ मा दाखिला भएकोले तोकिएको समय भन्दा ७० दिन ढीला दाखिला गरेकोले नियमानुसार लाग्ने जरीवाना रु. ३१८५६.०० सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	३१,८५६

४७ **वडागत खर्च**

पालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक निति, कार्यक्रम तथा वजेट पुस्तिकामा उल्लेख भएअनुसार नगरपालिकाका १४ वटै वडाहरुमा वडा कार्यालय सञ्चालन खर्चको लागी १० लाखका दरमा १ करोड ४० लाख विनियोजन भई शत प्रतिशत खर्च भएको छ । सो रकम वडाले उपशीर्षक उल्लेख नभएकोले आवश्यक्तानुसार र कुनै मापदण्ड वेगर वडा सचिवले पेश्की लिई खर्च गर्दै आएको देखियो । उक्त खर्चको मापदण्ड तथा शीर्षकगत विनियोजन नभएकोले यस्ता खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ । साथै वडाहरुले उक्त रकमवाट खरिद भएका खर्च भएर जाने र खर्च भएर नजाने जिन्सी सामानको अभिलेख सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख नराखेको कारण पालिका कार्यालयको मात्र जिन्सी निरिक्षण प्रतिवेदन तयार भएको पाईयो । सरकारी सम्पत्तिको अभिलेख संरक्षण तथा व्यवस्थापन गर्न अनिवार्य रुपमा पाम्समा अभिलेख राखी अद्यावधिक गर्नुपर्ने देखिएको छ ।

४८ **कर कट्टा नभएको** (९५९-2082-03-22):

आयकर ऐन २०५८ मा श्रोतमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं १० मा वालमैत्री कार्यक्रमको लागी रामहरी विसुन्खेले शोधभर्ना लिएको कार्यक्रममा ह्यांला सामुदायिक संस्थावाट ३०००० मा स्टेज र साउण्ड सिस्टम भाडामा लिएकोमा सो वापत लाग्ने कर ३००० असुल नभएको पाईयो । नियमावलीमा भएको व्यवस्था भएअनुरुप कर दाखिला हुनुपर्ने रु.

असुल गर्नुपर्ने	३,०००

४९ **असम्वन्धित खर्च** (११-2081-06-20):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ सरकारी रकम खर्च गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने र विल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । पालिकाले कार्यपालिकाको ३२ औ वैठक २०८१।६।९ को निर्णय नं ५ मा वडा नं २

को आकासे पुलमा सांस्कृतिक संग्रहालय निर्माणको लागी नगरपालिकाले प्रतिवद्धता जनाएको देखिन्छ । आयोजक संस्था संस्कृति संरक्षण तथा सामाजिक विकास केन्द्र नेपालले चामल तेल प्याज लगायतका विल संलग्न गरेकोले खाना खाजा वापत रु.२ लाख रुपैया भुक्तानी भएको देखिन्छ । यसरी निर्माणको लागी विनियोजन गरेको रकम खाना खाजा तथा विविध खर्चका विल भरपाई संलग्न गरी खर्च लेखेकोले अनियमित देखिएको रु.

अनियमित भएको	२,००,०००

५० **वितरणमुखि आर्थिक सहयोग**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा योजना तथा कार्यक्रमहरुको प्राथमिकता उल्लेख गरिएको छ ।स्थानीय तहले पुँजी सृजना हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई वितरणमुखी र उपयोगिता नदिने प्रकृतिका खर्चहरुलाई न्यूनिकरण गर्नु पर्दछ। पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई मेला महोत्सव जस्ता कार्यक्रम र प्रस्तावको आधारमा नगरपालिकाले आर्थिक सहायता उपलब्ध गराएको छ । यस्ता संस्था वा समूहलाई महोत्सव, पर्व, जात्रा, यात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी व्यववस्था समेत छैन । यस्ता खर्चहरु न्यूनीकरण गर्दै जानु पर्दछ।

भौ नं	मिति	सहयोग पाउने	प्रयोजन	रकम
१३९	२०८१।७।१२	वविता पोख्रेल	नृत्य प्रतियोगिता सहभागिता	१५०००
१६३	२०८१।८।१	रोयल ईन्फिल्ड ग्रुप	आन्तरिक पर्यटन	१०५००
२०८	२०८१।८।२०	अ ने रा स्व वि यु	फुटवल प्रतियोगगिता	३००००
२३८२	२०८१।९।१	नेवार राष्ट्रिय मञ्च	लाखे नाच	१०००००
५१२	२०८१।१२।१०	नेवार राष्ट्रिय मञ्च	अधिवेशन	१९४०००
२९९	२०८१।९।२८	कर्ण बहादुर गन्धर्व	बाजा खरिद	१९५००
४०२	२०८१।११।१	नेपाल मगर महिला संघ	कार्यक्रम	१००००
५०१	२०८१।१२।३	नेपाल मगर संघ जिल्ला समिति	पोषाक	१८०३४८
५०५	२०८१।१२।६	अखिल नेपाल महिला संघ	कार्यक्रम	१९९००
५१४	२०८२।१।१०	मन्थली सहिद स्मृती क्याम्पस स्व वि यु	हाजिरि जवाफ	६००००
८३६	२०८२।३।१६	नेपाल स्काउट	कार्यक्रम	४६९२६३
७१३	२०८२।२।२०	रामेछाप उद्योग वाणिज्य संघ	कृषी मेला	१४५५००

५१ **जिन्सी दाखिला**

वडा कार्यालयबाट खरिद भएका खर्च भएर जाने र नजाने दुवै किसिमका जिन्सी सामानको पालिकाको मुल जिन्सी खातामा PAMS V2 मा दाखिला गर्नु पर्नेमा गरेको देखिएन । वडा कार्यालयमा खरिद भई म्यानुअल दाखिला भएका सामानको विवरण निम्नानुसार छन् ।यसरी खरिद गरिएका सवै सामानहरुको पालिकाको मुल जिन्सी खातामा अद्यावधिक गरी PAMS मा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.

वडा नं	भौ नं	मिति	खरिद भएको सामान	परिमाण	मूल्य
८	१५७	२०८१।७।२८	CCTV camera set	२	५२६०३
२	६७९	२०८२।२।७	BROTHER printer	१	३३०००
१३			BROTHER DCP 620 printer colour printer	१	३९८२३
५			Rdmi note 13 pro mobile वडा अध्यक्षको लागि खरिद		५३०००
५	७४०	२०८२।२।२७	BROTHER DCP B 76 400w printer	१	४५०००
६	७३५	२०८२।२।२६	BROTHER color ink jet 720 duplex wireless printer	१	४५०००
९	६८०	२०८२।२।७	Cannon lbp printer	१	३५५९५
१०			अफिस दराज	२	४००००

प्रमाण पेश नगरेको	३,४४,०२१

५२ **विविध खर्च थप सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा पदाधिकारी, सदस्य तथा सभाका सदस्यका लागि कुनै पनि सुविधा निर्धारण गर्दा यस ऐनले तोकिदिएका सुविधालाई अधिकतम सुविधा मानेर सम्बन्धित सभाले आफ्नो अधिकार क्षेत्रभित्रका आर्थिक श्रोत तथा क्षमताका आधारमा निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले मन्थली नगरपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं १८ मा निजि सचिवालयमा प्रमुख तथा उपप्रमुखको लागी क्रमश २० हजार र १८ हजार सम्म मासिक खर्च गर्न सकिने उल्लेख भएअनुसार प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतको विविध खर्च शीर्षक कायम गरी रु. ८ लाख बजेट विनियोजन गरेको र रु.७,९९,३०० खर्च गरेको छ । यसरी ऐन विपरित निर्देशिका वनाई खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	७,९९,३००

५३ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम १० मा दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी विधिको उपदफा १ मा एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालयबाट बीस किलोमिटरभन्दा बढी दुरी भएको अर्को कार्यालयमा सरूवा बढुवा वा कायम मुकायम मुकरर भई जाने कर्मचारीलाई दैनिक भ्रमण भत्ता दिन सक्ने व्यवस्था छ । नगरपालिकाले कुन कुन वडामा जाँदा कति कोष हुन्छ भनि प्रमाणित नगरि वडामा जाँदा आउदा भ्रमण भत्ता पाउने गरी भुक्तानी गरेको देखिन्छ । नगरपालिकाको चालु खर्च तर्फ विभिन्न १२ वटा अनुगमन तथा भ्रमण शीर्षकमा रू.५०,९१,६८९.०० भुक्तानी गरेको देखिन्छ । नगरपालिकाले कति कोष टाढा हो भनि प्रमाणित नगरी भ्रमण खर्च भुक्तानी दिएकोले विभिन्न कार्यक्रममा भुक्तानी गरेको भ्रमण भत्ता दिन मिल्ने नमिल्ने यकिन गर्न सकिएन । नियमानुसार २० किलोमिटर भन्दा कम दुरिमा दैनिक भ्रमण भत्ता दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ। साथै प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा भ्रमण गरेको उल्लेख गरी पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी भएकोमा समेत कानुन अनुसारको व्यवस्था पूर्ण रुपमा लागु भएको छैन । अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित नभएको, नियमानुसार भ्रमण अभिलेख खाता नरहेको, भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको र नगरपालिका वा कार्यालयसँग असम्बन्धित कार्यक्षेत्रमा गएको जनाई सो वापत भ्रमण खर्च लेखेको छ । पालिकाभित्र लगायतमा भ्रमण खर्च जनाएकोमा प्रयोजन नखुलाई कार्यालयको काम उल्लेख गरी नजिकको दुरीमा समेत ७ दिनको भ्रमण खर्च लेखेको देखिन्छ । यस सम्वन्धमा पालिकामा भएको भ्रमण खर्चका सम्वन्धमा यथार्थता यकिन गर्न सकिएन । भ्रमण खर्च र अभिलेख यथार्थ वनाउन भ्रमण भत्ता पाउने

स्थान र दुरी निर्धारण एवं भ्रमण आदेश स्विकृत गरी सोको अभिलेख जनाएपश्चात् मात्र भ्रमण गर्ने र विल भरपाई तथा प्रतिवेदन वुझाएपश्चात् मात्र खर्च लेख्नुपर्दछ ।

५४ **पालिकावाहिर सञ्चालित कार्यक्रम** (६९३-2082-03-24):

पालिकाले आफ्नो क्षेत्रभित्र आर्थिक, सामाजिक, तथा पूर्वाधार लगायतको विकासका माध्यमवाट नगरवासीलाई सेवा प्रवाह हुने किसिमले कार्यक्रम सञ्चालन गर्नुपर्दछ । पालिकाले नगरपालिका वडा पूर्वाधार साझेदारी कार्यक्रमवाट चिसापानी जनकल्याण समाज, काठमाण्डौ लाई रु.१ लाख ५० हजार भुक्तानी गरेको छ । काठमाण्डौमा सञ्चालन भएको सहुलियतपूर्ण कर्जा सहजिकरणका लागी उद्यमशिलता तथा वित्तीय साक्षरता तालिमको खाना खाजा मसलन्द वापतको रु.१५०००० भुक्तानी देखिन्छ । नगरपालिकाका वडा पूर्वाधारका कार्यक्रमको बजेट पालिका वाहिर सञ्चालन भएको यस प्रकारको चालु शीर्षक अन्तर्गतका कार्यक्रमको भुक्तानी हुनु नियमसम्मत देखिएन ।

५५ **सवारी साधन मर्मत**

पालिकाले खर्च भुक्तानीमा वजेटको अधिनमा रहि मितव्ययीता अपनाउनुपर्दछ । पालिकाले सवारी साधन मर्मत सम्भारमा वडा कार्यालय वाहेकमा रु.७० लाख विनियोजन गरी रु.६९,५७,५१६ खर्च लेखेकोमा यसका अतिरिक्त पटक पटक अन्य शीर्षकहरुवाट थप कार्यक्रम तर्फवाट पुन: सवारी साधन मर्मतमा खर्च लेखेको छ । नगरपालिकामा आ. व. २०८१/०८२ मा १ जे सि वि, १ एम्वुलेन्स, १ दमकल, ४ वटा चार पाङ्ग्रे तथा अन्य दुई पाङ्ग्रे सवारी साधन रहेको जनाएकोमा वडा समेतको अद्यावधिक विवरण पेश गरेको छैन । यसरी वडा कार्यालय वाहेक कार्यपालिका कार्यालयमा मात्र सवारी साधन मर्मतमा जम्मा रु.६९,५७,५१६ (आन्तरिक आय रु.४३७२४०७७.०५ को १६ प्रतिशत) खर्च भएको देखिन्छ । यस प्रकारको खर्च पटक पटक गरी हाते कोटेशनवाट खरिद गरिएको र मर्मतमा मात्र ठुलो रकम खर्च भएकोले आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी भएको देखिँदैन । सिमाभन्दा बढी हुने गरी भुक्तानी भएको मर्मत खर्च सिलवन्दी कोटेशनवाट खरिद प्रकृया अवलम्वन गरेर सेवा खरिद हुनुपर्दछ ।

५६ **विज्ञापन वोर्ड कोष**

विज्ञापन नियमन गर्ने ऐन, २०७६को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ । यस वर्ष बोलपत्र सुचना प्रकाशन तथा पत्रपत्रिका विज्ञापन समेत कन्टिन्जेन्सि वाहेकमात्र (फ्युचर हव मिडिया, फाईव वाई फाईव तथा भ्वाईस अफ डेभलपमेन्टलाई भुक्तानी भएको) कुल जम्मा रु.१२,०३,१३३ खर्च लेखेकोमा यस्तो रकमको भुक्तानीमा उक्त व्यवस्था बमोजिम कोषमा रु.३६,०९४ जम्मा गरेको देखिएन । नियमावलीमा भएको व्यवस्था अनुसार विज्ञापन वोर्डको कोष खातामा पठाउनुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	३६,०९४

५७ **दोहोरो भत्ता :-**

भ्रमण खर्च नियमावली , २०७७को नियम ७ को उपनियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालीम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता पाउने छैन भन्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनोट गरी परीक्षण गर्दा निम्नानुसारका पदाधिकारी तथा कर्मचारीलाई भ्रमणमा रहेको भनिएता पनि उक्त अवधिमा कार्यालयमा भएको वैठकमा उपस्थित भएको र वैठक भत्ता समेत भुक्तानी गरेको देखियो। कार्यालयमा (वैठकमा)उपस्थित रहेको प्रमाणका आधारमा भ्रमण खर्च पाउने नदेखिएकोले असुल हुनु पर्ने रु .

भौचर नंबर	मिति	भुक्तानी लिने	भ्रमण अवधी		भ्रमण दिन	वैठकमा उपस्थित मिति	भ्रमण भत्ता दर रू.	नपाउने भत्ता रू.
			शुरु	सम्म				
५८५	२०८१।१२।२७	वडा सचिव सकुन्ताला माझी	२०८१।१०।२४	१०।३०	६.25	२०८१।१०।२९	१६००	१००००
६७८	२०८२।२।७	वडा अध्यक्ष मोतिलाल तामाङ वडानं १४	२०८१।९।१८	९।२२	४.२५	२०८१।९।२२	१२००	५१००
६८०	२०८२।२।७	वडा अध्यक्ष गोकर्णराज आरन वडान ९	२०८१।१२।२५	१२।२८	3.25	२०८१।१२।२५	१२००	३९००
३६२	२०८१।१०।२३	वडा अध्यक्ष मोतिलाल तामाङ वडा नं १४	२०८१।४।९	४।१३	४.२५	२०८१।४।११	१२००	५१००
जम्मा								२४१००

असुल गर्नुपर्ने	२४,१००

५८ **अनिवार्य दायित्व बाहेकका खर्च भुक्तानी** (३६२-2082-10-23):

आर्थिककार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७को नियम ३९(१५) मा स्वीकृत दरवन्दीको तलव, महँगी भत्ता, स्थानीय भत्ता ,सरुवा भ्रमण खर्च, घर भाडा ,पोशाक ,खाद्यान्न ,औषधी उपचार, बिरामी तथा बन्दीको सिदा, सेवा निवृत्त सुविधा र स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति , फर्म ,संस्था वा कम्पनीसंग भएको सम्झौताबमोजिमको रकम जस्ता अनिवार्य दायित्व बाहेक अन्य खर्चहरु भुक्तानी दिन बाँकीको विवरणमा राखेर भुक्तानी गर्न नहुने उल्लेख छ। साथै अनिवार्य दायित्वका विषयहरु भुक्तानी गर्दा भुक्तानी दिन बाँकीको कच्चावारी विवरण महालेखापरीक्षकको फारम नं २२१ प्रमाणित गराएर आगामी वर्षको कार्यक्रमको बजेटले भ्याएमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका पदाधिकारीहरुलाई २०८० श्रावणको वैठक भत्ता वापत रु १२००० भुक्तानी दिएको पाईयो । दायित्वमा राखेर भुक्तानी गर्न नमिल्ने खर्च शीर्षकमा भुक्तानी भएको र आर्थिक वर्ष २०८०।८१ श्रावण महिनाको वैठको भत्ता सिमा भित्र रहेर भत्ता दावी गरेको भन्ने प्रमाण समेत संलग्न नगरेकोले भुक्तानी गर्न नमिल्ने रकम सम्बन्धितबाट असुल हुनु पर्ने रू.

भुक्तानी लिने	वैठक मिति	भत्ता रकम
वडा अध्यक्ष मोतिलाल तामाङ	२०८०।४।३ र २०८०।४।११	२०००
वडा सदस्य राम बहादुर खड्का	२०८०।४।३ र २०८०।४।११	२०००
वडा सदस्य दल बहादुर मगर	२०८०।४।३ र २०८०।४।११	२०००
वडा सदस्य सरिता तामाङ	२०८०।४।३ र २०८०।४।११	२०००
वडा सदस्य कुमार कार्की	२०८०।४।३ र २०८०।४।११	२०००
वडा सचिव कुल विक्रम श्रेष्ठ	२०८०।४।३ र २०८०।४।११	२०००
जम्मा		१२०००

असुल गर्नुपर्ने	१२,०००

५९ **सुत्केरी संग उपमेयर कार्यक्रम**

नगरपालिकाले स्वास्थ्य संस्थामा प्रसुती हुने महिलाको संख्यामा बृद्धी गराई मातृ तथा नवजात शिशुको मृत्यु दरमा न्यूनिकरण गर्ने उद्देश्यले २०७७।७८ देखि आन्तरिक स्रोतबाट सुत्केरीसंग उपमेयर कार्यक्रम सञ्चालनमा गर्दै आएको उल्लेख छ ।यस वर्ष यो कार्यक्रमको लागि रु. ८०००००.०० विनियोजन भएकोमा सबै रकम खर्च भएको छ । नगरपालिकाले रु. २५००।०० बरावरको बेबि

हाईजिन सेट, १ केजी घिउ, १ लिटर तेल समेतको १ सेट खाद्य पदार्थ सहित वधाईका साथ कोशेली भेटको रुपमा यो कार्यक्रम कार्यान्वयन गरेको उल्लेख गरेको छ । पालिका भित्र स्थायी बसोवास भएका वर्थिङ सेन्टरमा सुत्केरी हुने महिलाको लागि लक्षित यो कार्यक्रममा रु.३२० सेट खाद्य तथा हाईजिन सेट खरिद गरेको देखिन्छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्;

(क) **एकमुष्ठ खरिदः**- सार्वजनिक खरिद नियमावली २०६४को नियम २१ अनुसूचि ३ (ख) मा एकाई दर सम्झौता गरी खरिद गर्न सक्ने व्यवस्था छ । पालिकाले प्रसुती भएका समयमा खाद्य तथा हाईजिन सेट आपूर्ति गर्दै जाने शर्तमा दर सम्झौता गरी खरिद तथा वितरण व्यवस्था मिलाउनु पर्नेमा सो नगरी एकै पटकमा खरिद गर्दा ३२० सेट खरिद पाईयो । वर्षको शुरुमा नै दररेट सम्झौता गरी प्रसुती भएको समयमा उपलब्ध गराउने गरी आपूर्ति गर्दैजाने गरी वितरण व्यवस्था मिलाउनु पर्दछ।

(ख) **ढिलो वितरणः**- सुत्केरी भई कमजोर स्वास्थ्य भएको अवस्थालाई लक्षित गरी कार्यान्वयनमा ल्याईएको कार्यक्रम सुत्केरी भएको वखतमा वितरण गर्नु पर्नेमा २०८१ माघ सम्म सुत्केरी हुने १४० जनालाई २०८१ माघमा एकै पटमा वितरण गरेको देखियो । यसरी निर्धारित समयमा वितरण गर्न नसक्दा कार्यक्रमको प्रभावकारीता समेत कम हुने देखिन्छ । पालिकाले यस सम्बन्धमा ध्यान दिनु पर्दछ।

(ग) **उपभोग अवधि समाप्त हुने जोखिम :**- खरिद ३२० सेट मध्ये लेखापरीषण अवधि सम्म २७२ सेट वितरण भई ४८ सेट विभिन्न स्वास्थ्य ईकाईहरु र स्वास्थ्य शाखामा मौज्दात रहेको पाईयो । उपयोग अवधि छोटो हुने यस्ता सामान एकै पटक खरिद गरी भण्डारण गर्नु उपयुक्त देखीएन। बाँकी रहेको सामानको उपयोग अवधि सकिन लागेकोले उचित व्यवस्थापन गर्नु पर्दछ ।

६० **मापदण्ड भन्दा बढी भुक्तानी**

नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा १४ (२) क मा आन्तरिक प्रस्तोतालाई कार्यपत्र वापत रु. १०००.०० दिने उल्लेख गरेको छ । पालिकाको कार्यसञ्चालन निर्देशिका अनुसार आन्तरिक स्रोत व्यक्तिले कार्यपत्र वापतको पारिश्रमिक पाउने तर प्रस्तुतीकरण वा कक्षा सञ्चालन वापत भत्ता पाउने देखिदैन।लेखापरीक्षणको क्रममा नमुना छनोट गरी परिक्षण गर्दा निम्नानुसार कार्यक्रममा निर्देशिकाको व्यवस्था विपरित कक्षा सञ्चालन समेतको भुक्तानी भएकोले कक्षा सञ्चालन बापतको रकम सम्बन्धितबाट असुल हुनु पर्ने रू.

भौ नं	मिति	भुक्तानी पाउने	कार्यक्रम	दिन / सेसन	मापदण्ड दर	भुक्तानी दर	बढी भुक्तानी कर बाहेक रू.
३७०	२०८१।१०। २८	शा अ गोविन्द कटेल	लैंगिक हिंसा विरुद्ध अभियान	८	१०००	१५००	३४००
		शा अ गोविन्द कटेल	बालमैत्री स्थानीय शासन (कानुनी दण्ड सजाय)	१	१०००	१५००	४२५
		वडा सचिव भिष्मराज भट्टराई	बालमैत्री स्थानीय साशन	१	१०००	१५००	४२५
		क अ रचना पुलामी	बालमैत्री स्थानीय साशन	१	१०००	१५००	४२५
		शा अ गोविन्द कटेल	बालमैत्री स्थानीय साशन (कानुनी सचेतना)	६	१०००	१५००	२५५०
७१६	२०८२।२। ३१	शा अ गोविन्द कटेल	SUTRA	२	१०००	१५००	८५०
७१९	२०८२।२। २१	ईश्वरी बस्नेत	बालमेला कक्षा ञ्चालन	१	१०००	१५००	४२५
जम्मा							८५००

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **८५०** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	८,५००

६१ **विद्युत महसुल जरिवाना**

विद्युत महसुल सङ्कलन विनियमावली, २०७७ को विनियम ७(३) मा उपभोक्ताले मिटर रिडिङ्ग गरेको ७ दिनभित्र महसुल बुझाएमा बिल रकमको २ प्रतिशत छुट दिने, आठौ दिनदेखि १५ औं दिनसम्म महसुल बुझाएमा बिल अनुसारको महसुल लाग्ने व्यवस्था छ । साथै विनियम ८ (१) मा १६ औं दिनदेखि ३० औं दिनसम्म महसुल बुझाएमा ५ प्रतिशत थप महसुल लाग्ने साथै ८(२) मा ३१ औं दिनदेखि ४० औं दिनसम्म महसुल २५ प्रतिशत थप महसुल लाग्ने व्यवस्था छ । पालिकाले मिटर रिडिङ गरेको समयमै विल भुक्तानी गरी छुट लिनु पर्नेमा विलम्वगरी महसुल भुक्तानी गरेको कारण निम्नानुसार रु.१५१३०५.१८ जरीवानमा दायित्व समेत बढेको देखियो ।अनिवार्य दायित्वको विषयमा समयमै विल भुक्तानी नगरी अतिरिक्त जरीवाना तिर्ने कार्य नियमसम्मत नदेखिएको रू.

सि नं	भौ नं	मिति	वील संख्या	वील रकम	जरिवाना रकम
१	२६७	२०८१।९।१७	२४	२६२१५१।५८	५२५२७
२	१६४	२०८१।८।१	१	१४००४०।११	३५०१०।११
३	२३२	२०८१।८।२७	१	१४२६५१।६१	२४६०३।५७
४	७४२	२०८२।२।२७	१२	१९३७४१	३९१६४
जम्मा			३८	७३८८५४।३१	१५१३०५।१८

अनियमित भएको	१,५१,३०५.१८

६२ **सुपर पोलिन प्लाष्टिक खरिद** (६२१-2082-01-09):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको यथेष्ट विल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ ।पालिकाले प्लाष्टिक घर निर्माण अनुदान दिने प्रयोजन जि .सेभेन एग्रिकल्चर प्रा लि बाट ६×१२ मिटरको ९० जि .एस .एम. सुपरपोलिन प्लाष्टिक ३५० थान रू ११६६३२९।५० मा खरिद गरेको पाईयो।खरिद भएका प्लाष्टिक मध्ये ३७ थान मात्र वितरण गरी रू.१०४३०३१.८१ मूल्य बरवबरका ३१३ थान निकासी नं ४४/२०८२।४।७ मा कृषि शाखा लाई हस्तान्तरण गरी खर्च जनाएको छ । प्लाष्टिक टनेल घर निर्माणबाट वैज्ञानिक आधुनिक प्रविधि तथा उन्नत जात खेती मार्फत किसानको उत्पादकत्व वढाई जिवनस्तरमा सुधार गर्ने उद्वेश्यले खरिद भएका प्लाष्टिक वितरण नहुँदा कार्यक्रम र बजेटले अपेक्षा गरेको लक्ष्य हासिल हुन सकेको देखिएन ।सोही आर्थिक वर्ष भित्र प्रतिफल प्राप्त हुने गरी कार्यक्रम कार्यान्वियन गर्नु पर्दछ।कृषिमा आधुनिकिकरण गर्ने उद्वेश्यले खरिद गरेका समान सोही आर्थिक वर्ष भित्र वितरण नगरी कृषी शाखा तथा वडाहरुमा मौज्दातमा राखेका सामानको वितरणको भर्पाई र उपयोगको अवस्था पेश हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	१०,४३,०३१.८१

६३ **सामुदायिक सिकाई केन्द्र** (८१०-2082-03-10):

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं ६.७ मा सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन समितिको निर्णयानुसार परिचालकको प्रमाणित हाजिरी अभिलेख हेरी मासीक रु १००००.०० का दरले वाह्र महिनाको पारिश्रमिक र चाडपर्व खर्च भुक्तानी गर्ने र नेपाल सरकारले निर्धारण गरेको न्युनतम पारिश्रमिक बमोजिम नपुग हुने रकम स्थानीय तहबाट थप हुन सक्ने व्यवस्था छ । सो अनुरुप नगरपालिकाबाट सामुदायिक सिकाई केन्द्रमा कार्यरत परिचालिकाहरुलाई पालिका स्रोतबाट मासिक रू. ८०००.०० का दरले रू. १०४०००।०० थप दिने निर्णय भएको पाइयो । यस वर्ष पालिका अन्तर्गत सञ्चालित ८ सामुदायिक सिकाई केन्द्रहरुलाई कार्यरत परिचालिकाहरुको पारिश्रमिक वापत अनुदान रु.१५६०००० खर्च लेखेको देखिन्छ। सो मध्ये निम्नानुसार ७ वटा सामुदायिक केन्द्रहरुलाई प्रति सामुदायिक केन्द्र रु १०४००० का दरले भुक्तानी

हुनुपर्नेमा पुनः थप रू. १०४००० गरी रू. ७२८००० दोहोरो भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित सामुदायिक सिकाई केन्द्रबाट असुल/ फिर्ता गरी स्थानीय सञ्चितकोष दाखिला भएको प्रमाण पेश हुनुपर्ने रू .

सि नं	सामुदायिक सिकाई केन्द्रको नाम	अनुदान पालिका स्रोत रकम	भुक्तानी हुनुपर्ने तलब मासिक ८००० का दरले १३ महिनाको	बढी अनुदान असुल गर्नुपर्ने
१	स्थानापति सामुदायिक सिकाई केन्द्र पुरानागाँउ	२०८०००	१०४०००	१०४०००
२	सानीभदौ सामुदायिक सिकाई केन्द्र मन्थली	२०८०००	१०४०००	१०४०००
३	भीमेश्वर सामुदायिक सिकाई केन्द्र चिसापानी	२०८०००	१०४०००	१०४०००
४	सामुदायिक सिकाई केन्द्र फुलासी	२०८०००	१०४०००	१०४०००
५	नीलकण्ठेश्वर सामुदायिक सिकाई केन्द्र कठजोर	२०८०००	१०४०००	१०४०००
६	प्रगतीशिल सामुदायिक सिकाई केन्द्र गैराथोक	१०४०००	१०४०००	०
७	कालिका सामुदायिक सिकाई केन्द्र भलुवाजोर	२०८०००	१०४०००	१०४०००
८	स्थानापति अध्ययन केन्द्र भटौली	२०८०००	१०४०००	१०४०००
जम्मा				७२८०००

असुल गर्नुपर्ने	७,२८,०००

६४ खर्चका मापदण्ड

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा आफ्नो अधिकारक्षेत्रको विषयमा ऐन बनाउन सक्ने र सो ऐन अन्तर्गत रहेर नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने व्यवस्था रहेको छ । पालिकाले परीक्षा , खेलकुद लगायतका कार्यक्रमहरु संचालन गर्दा मापदण्ड तयार नगरेको कारण खर्च मितव्ययी एवं पारदर्शी हुन सकेको देखिदैन । पालिकाले यस्ता किसिमका कार्यक्रम सञ्चालन मापदण्डतयार गरी कार्यक्रम मितव्ययी र व्यवस्थित रुपमा सञ्चालन गर्नु पर्दछ।केहि उदाहरण निम्न छन् ।

(क) <u>परीक्षा सञ्चालन :-</u> पालिकाले कक्षा ५ र ८ को परिक्षा सञ्चालनमा पटके निर्णयका आधारमा परीक्षा तयारी बैठक खर्च, मोडेरेशन खर्च, प्रश्न पत्र छपाई खर्च, केन्द्राध्यक्ष भत्ता, सहायक केन्द्राध्यक्ष भत्ता, उत्तर पुस्तिका कोडिङ, डिकोडिङ खर्च, नतिजा प्रकाशन लगायतका कार्यमा यस वर्ष रू. ५९८०००.०० खर्च गरेको पाईयो। यसको लागि स्पष्ट मापदण्ड नभएको कारण विभिन्न शिर्षकमा भएको खर्च एवं भत्तामा एकरुपता हुन सकेको छैन। पालिकाले परिक्षा सञ्चालन कार्यविधी तथा मापदण्ड तयार गरी खर्च गर्नु पर्दछ ।

(ख) <u>खेलकुद कार्यक्रम संचालन:-</u> लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा पालिकाले विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गरी निम्नानुसार रु.५१ लाख १५ हजार खर्च गरेको देखिन्छ। यस्तो प्रकृतिका कार्यक्रममा प्रकृया तथा खर्चका मापदण्ड र प्रशिक्षकद्वारा प्रशिक्षण लगायतका कार्यका लागि छनोट तथा बन्द प्रशिक्षणमा संलग्न मेडिकल स्वयंसेवक टिम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राविधिक प्रशिक्षक, निर्णायक, रेफ्री ,स्कोरर तथा खेलाडीलाई उपलब्ध गराइने सेवा सुविधाको निर्धारण गरी व्यवस्थित रुपमा खेल सञ्चालन गर्न मापदण्ड तथा कार्यविधि तयार गरेको देखिएन ।कार्यविधि तथा खर्चका मापदण्डहरु तयार नगरी यस्ता किसिमका खर्च लेख्दा खर्चमा मितव्यीता र एकरुपता कायम नभएको देखिन्छ। पालिकाले यस्ता किसिमका खर्च गर्दा खर्चमा मितव्यीता कायम गर्नुपर्दछ। लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा पालिकाले खेलकुद प्रतियोगिता सञ्चालनमा निम्नानुसार रु. ५११५५६०.०० खर्च गरेको

देखिन्छ। व्यवस्थित एवं मितव्ययी रुपमा खेल सञ्चालन गर्न खर्चको प्रकृया तथा खर्चका मापदण्ड र प्रशिक्षकद्धारा प्रशिक्षण लगायतका कार्यका लागि छनोट तथा बन्द प्रशिक्षणमा संलग्न मेडिकल स्वयंसेवक टिम , राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राविधिक प्रशिक्षक, निर्णायक ,रेफ्री ,स्कोरर तथा खेलाडीलाई उपलब्ध गराइने सेवा सुविधाको निर्धारण गरी मापदण्ड तथा कार्यविधि तयार गरेको देखिएन। केही उदाहरण निम्नानुसार छन।

भौ नं	मिति	कार्यक्रम	प्रयोजन	खर्च रकम
४४१	२०८१।११।२०	विद्यालय स्तरमा राष्ट्रपती रनिङ शिल्ड	तयारी	१००००००
४७५	२०८१।१२।३	तेस्रो नगर स्तरिय कप खेलकुद	खेल प्रतियोगिता सञ्चालन	११५९१०३
४७७	२०८१।१२।१३	पालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड	खेल प्रतियोगिता सञ्चालन	१३०००००
५१५	२०८१।१२।१०	जिल्ला स्तरिय राष्ट्रपती रनिङ शिल्ड	खेल प्रतियोगिता सञ्चालन	४७५०००
५१७	२०८१।१२।१०	१२औ जिल्लास्तरिय राष्ट्रपति रनिङ शिल्ड	खेल प्रतियोगिता सञ्चालन	११८११५८

६५ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमः

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका,२०७७ को ३९(२) र (३) मा उद्यमशीलता विकास तालिमबाट उत्पादित समान र वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधिभत्रै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीरुलाई नै बिक्री गर्न सकिने र बिक्रीबाट प्राप्त रकम राजश्व खातामा दाखिला गर्नुपर्ने र ३९(४) मा बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। भौचर नं.२८२/०८२/२/२१ बाट लघु उद्यमी सिर्जना गर्न १३ जना सहभागीलाई खोस्टाको चकटी र फुल तथा परालको जुत्ता बनाउने १७ दिने तालिम कार्यक्रम संचालन गर्न जम्मा रू.२०६४३०।- खर्च लेखेकोमा उल्लेखित निर्देशन बमोजिम तालिमबाट उत्पादित वस्तुको परिमाण संख्या, विक्री वितरण तथा प्राप्त राजश्वको विवरण तथा बाँकी रहेको परिमाण यकीन गरी जिन्सी दाखिला गरेको देखिएन। तालिम कार्यक्रममा रू.५७६००।-को कच्चा पदार्थको बिल संलग्न गरेकोमा उत्पादित वस्तुको परिमाण खुल्ने विवरण बनाई जिन्सी दाखिला गर्नुपर्दछ ।

६६ सीप विकास तालिमः

गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने र बुँदा ३० मा उद्यम विकास सहजकर्ताले उल्लेखित क्रियाकलापको प्रगति विवरणलाई अनिवार्य रुपमा जेसीएमआईएसमा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। भौचर नं.३२६/०८२/३/१५ बाट पालिकाले लालीगुँरास लघु उद्यम समूहका २० जना सहभागीलाई ५ दिने मौसमी तरकारी खेती सम्बन्धी तालिम पश्चात् मू.अ.कर समेत रू.९८०००।- को प्लाष्टिक टनेल वितरण गरेकोमा पालिकाले उद्यमशीलता विकास तालिम नलिएका र जेसीएमआईएस सफ्टवेयरमा तथ्याङ्क अद्यावधिक नभएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गरेको देखियो। निर्देशिकामा उल्लेख भए बमोजिम तालिम संचालन गरी सफ्टवेयरमा तथ्यांक अद्यावधिक गर्नुपर्दछ।

६७ मन्थली रोजगार रणनीति निर्माणः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले सम्बन्धित कार्यक्षेत्रगत शर्त र १२(३ग) मा परामर्शदाताले तालिम संचालन गर्नुपर्ने भए त्यस्तो कामका लागि लाग्ने खर्च समेत खुलाई लागत अनुमान तयार गर्नुपर्ने र नियम ७२ मा सार्वजनिक निकायले मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले भौचर नं.४२०/०८२/३/२४ बाट मन्थली नगरपालिका रोजगार रणनीति, २०८२ तयार गर्न हेक्सागन कन्सल्टेन्सी एण्ड ट्रेनिङ सेन्टर प्रा.लि.लाई सम्झौतानुसार रू.९९४४०।- मा भुक्तानी गरेको छ। सम्झौताको बुँदा नं. ४ मा नगरपालिकाको जिम्मेवारी अन्तर्गत रोजगार रणनीति उपर कार्यपालिका र नगरसभामा छलफल र निर्णायार्थ प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेकोमा सो गरेको देखिएन। कन्सल्टेन्सीले पेश गरेको प्रस्तावमा उक्त रणनीतिको अन्तक्रिया कार्यशाला वापत रू.२२०००।– उल्लेख

गरी सोही अनुसार भुक्तानी लिएकोमा सो कार्य समेत गरेको नदेखिएकोले उक्त रकम कन्सल्टेन्सीबाट रु २२००० असुल गरी सम्झौता अनुसार उक्त रणनिति कार्यपालिका तथा नगरसभाबाट निर्णय गराई नियमित गर्नुपर्ने रू.

अनियमित भएको	९९,४४०

६८ **मन्थली नगर विकास समितितर्फ**

६८.१ समितिको आर्थिक वर्ष २०८१/०८२ आय-व्यय निम्नानुसार रहेको छ ।

गत वर्षको जिम्मेवारी	यस वर्ष आम्दानी	जम्मा आम्दानी	खर्च	मौज्दात् बाँकी
१३६३१७४७।७५	३५६१०१८	१७१९२७६६।२२	२४९२१६१	१४७००६०५।२२

६८.२ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार ग्रेड र महङ्गी भत्ता सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु. १० हजार पोशाक खर्च भुक्तानी गर्न सकिने व्यवस्था छ । त्यसैगरी संघीय सरकार अर्थ मन्त्रालयले मिति २०७९/१/२१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने भनी मिति २०७९/१/१५ मा परिपत्र गरेको देखिन्छ । नगर विकास समितिले देहायका तीन कर्मचारीलाई गत विगत वर्षहरु देखि नै काममा लगाई खाइपाई आएको तलब भत्तामा ग्रेड र महङ्गी भत्ता समेत भुक्तानी गर्दै आएको देखिन्छ । अस्थायी सेवाका कर्मचारीहरुलाई आर्थिक वर्ष २०८१/०८२ को लागी ग्रेड र महंगी भत्ता भुक्तानी गर्न सकिने आधार पेश हुनुपर्ने रु.

कर्मचारी	तलव स्केल मासिक	महँगी भत्ता	ग्रेड	भुक्तानी रकम
नायव सुव्वा टिका भट्ट	३४७३०	२४०००	१२५०६४ (११महिना)	१४९०६४
कार्यालय सहयोगी हरि थापा	२६०८२	२६०००	२०८५६ (वार्षिक)	४६८५६
कार्यालय सहयोगी वलराम थापा	२६०८२	२६०००	२०८५६(वार्षिक)	४६८५६
	जम्मा			२४२७७६

प्रमाण पेश नगरेको	२,४२,७७६

६८.३ नगर विकास समितिबाट प्राप्त विवरण अनुसार समितिको स्वामित्वमा १७०-७-२-३ जग्गा रहेको विवरण पेश भएको छ । समितिको नाममा शुरु कायम भएको जग्गा त्यसको विक्री तथा हालको अद्यावधिक विवरण माग गर्दा सो प्राप्त भएन । त्यसैले समितिको नाममा रहेको जग्गा अतिक्रमण र दुरुपयोग हुन नदिई उद्देश्य अनुरुप जग्गा जमिनको उपयोग/प्रयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६८.४ समितिले आफ्नो स्वामित्वमा रहेका विभिन्न ५ वटा घर जग्गा छाप्री कोशेली घर सपिङ्ग कम्प्लेक्स विभिन्न ५ व्यक्ति तथा संस्थासँग सम्झौता गरी आय गरेकोमा भाडामा लगाएको छ । आर्थिक वर्ष २०८१।०८२ को घर भाडा सम्झौताको शर्त नं ३ मा मासिक भाडा वापतको रकम प्रत्येक महिना भुक्तान भएको मितिले १० दिन सम्म जम्मा नभएमा दैनिक शुन्य दशमलव शुन्य पाँच प्रतिशतका दरमा जरिवाना लाग्ने उल्लेख छ । सम्झौता अनुसार भाडा नवुझाउने सुनिरा श्रेष्ठ (कित्ता नं १२७८ को जग्गा) सँग वार्षिक वुझाउनुपर्नेमा ४ महिनाको मात्र बुझाएको तर ८ महिनाको नवुझाएको ७२००० को जरिवाना रु.८६४० समेत कुल जम्मा रु.८०६४० असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	८०,६४०

६८.५ मन्थली नगर विकास समितितर्फ बेरुजु अद्यावधिक स्थिति

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
१६४७७९०	१६४७७९०	३०२५६०	२७३६८२	५७६२४२

६९ सामुदायिक सिकाई केन्द्रः

शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं.६.७ को (घ) मा सामुदायिक सिकाई केन्द्रले पेस गरेको प्रस्तावनाको आधारमा स्थानीय तहबाट बजेट उपलब्ध गराउने व्यवस्था छ। कालिका सामुदायिक सिकाई केन्द्र, भालुवाजोरले पेश गरेको प्रस्तावनामा तलब वापत १३००००।-, भलिबल प्रतियोगिता गराउन रू.१ लाख, हाजिरी जवाफ प्रतियोगिता संचालन गर्न रू.३००००।- र अभियानमुलक कार्यक्रममा रू.२००००।- समेत भौचर नं. ३२०/०८२/३/1 बाट रू.३०००००।- भुक्तानी दिएको देखियो। सिकाई केन्द्रमा कार्यरत परिचालिकालाई मासिक रू.१००००।- को दरले जम्मा १३००००।- निजको तलब बाहेक प्रस्तावना विपरीत १० दिने मुडा बनाउने तालिम संचालन तथा केन्द्रको लेखापरीक्षण वापत रू.१७००००।- भुक्तानी लिएकोमा उक्त तालिम कार्यक्रमको विवरण, प्रशिक्षार्थीको नाम नामेसी समेतको हाजिरी विवरण तथा लेखापरीक्षण रिपोर्ट पेश गरेको देखिएन। गत आर्थिक वर्षमा (२०८०।८१) मा समेत सोही कार्यक्रम तालिम संचालन गरेकोमा सोही प्रशिक्षकहरुको भरपाईहरु परिमार्जन गर्ने तथा गत वर्षकै बिलको प्रतिलिपि एवं फोटो समेत संलग्न गरी भुक्तानी भएको देखिएकोले उक्त कार्यक्रम संचालन भएको यकीन गर्न सकिएन। प्रस्तावना अनुसारको कार्यक्रमको खर्च सम्बन्धी उल्लेखित विवरण समेतको बिल भरपाईको आधार बेगर भुक्तानी भएको रु१७००००।- सम्बन्धित सिकाई केन्द्रबाट असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१,७०,०००

७० शिक्षक दरबन्दी र पदपूर्तिः

शिक्षक सेवा नियमावली, २०५७ को नियम (८) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका सामुदायिक विद्यालयको रिक्त शिक्षक दरबन्दीको विवरण प्रत्येक वर्षको जेठ मसान्तसम्म सम्बन्धित जिल्लास्थित शिक्षा विकास तथा समन्वय ईकाई पठाउनु पर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

विद्यालयको नाम	माध्यमिकतह	आधारभूततह	पदपुर्ति	पदपुर्ति मध्ये करार	विद्यार्थीसंख्या
जम्मा ६३ विद्यालय	६५	३४३	४०८	१२	७२२७

पालिकाअन्तर्गत ६३ विद्यालयमा ४०८ दरबन्दी रहेकोमा सवै पदपूर्ती रहेको र १२ जना करारमा रहेको देखिन्छ ।विभिन्न ६३ विद्यालयमा जम्मा विद्यार्थी संख्या ७२२७ रहेको र औसत १:१७.७ शिक्षक विद्यार्थि अनुपात रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम विद्यार्थी भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्युन विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

७१ प्रति विद्यार्थी लागतः

नगरपालिकाले सामाजिक सेवा तर्फ गरेका अल्पकालिन लगानी, दिर्घकालिन लगानीलाई लागत लाभ मापन हुने गरी लगानीको सुनिश्चितता गर्नु पर्दछ । तिनै तहका सरकारवाट विद्यालयको संचालन व्यवस्थापनका लागी नगरपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा गएको निकासा तथा विद्यार्थी अनुपातमा निकालेको प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

बजेट विवरण	बजेटरकम	खर्चरकम	विद्यार्थीसंख्यासामुदायिक	प्रतिविद्यार्थीलागत
संघीयससर्ततर्फ	३२७७५३०००	२९३०७८१५०	७२२७	४५८०४
प्रदेशसरकारतर्फ	२२७२०००	१८२३२८०		
पालिकातर्फ	४७५००००००	३६१२४१५८		
जम्मा	**३७७५२५०००**	**३३१०२५५८८**		

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकासदेखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु.६५४५३ रहेको देखिन्छ । विद्यार्थीमा भएको लगानीको प्रतिफल क्लास आउट भएपछि मात्र देखिने हुँदा लगानीका आधारमा विद्यार्थी उतिर्ण हुने गरी गुणस्तरीय शिक्षाका लागि शिक्षण विधि प्रक्रियालाई परीमार्जन गरी उत्कृष्ट नतिजा ल्याउने गरी पठनपाठनलाई व्यवस्थित, व्यवहारिक, सिपयुक्त बनाउने तर्फ लगानीलाई केन्द्रित गर्नुपर्दछ ।

७२ **विद्यार्थी संख्याभन्दा बढी बालविकास सहजकर्ताः**

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०७५ को प्रथम संशोधन २०७७ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने र प्रत्येक विद्यालयमा १ जनामात्र कार्यालय सहयोगी राख्न सकिने व्यवस्था छ । तर, पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रमा १ जना भन्दा बढी कार्यालय सहयोगी र २५ जना भन्दा कम विद्यार्थी रहेका विद्यालयहरुमा पनि २ जना बाल विकास सहजकर्ता राखी संघ सशर्तबाट रु १०,००० का दरले र पालिकाबाट रु.८००० का दरले पोशाक सहित भुक्तानी भएको रकम रु१६३८००० नियमसम्मत नदेखिएको रु.

विद्यालयकोनाम	**वडा**	**विद्यार्थी संख्या**	**बालविकासशिक्षकको संख्या**	**बढी वाल विकास शिक्षक**	**बढी खर्च रकम**
श्री निलकण्ठेश्वर मा वि कठजोर	२	१७	२	१	२३४०००
श्री वालकन्या आवि धारापानी	२	१५	२	१	२३४०००
श्री सेतीदेवी मा वि सालु	४	८	२	१	२३४०००
श्री सिद्रेश्वर मा वि गैराथोक	४	१०	२	१	२३४०००
श्री सिद्रेश्वर आवि हात्तिटार	६	२०	२	१	२३४०००
श्री जगदम्वा आवि	८	१७	२	१	२३४०००
श्री पशुपति आवि भुलभुले	१२	२३	२	१	२३४०००
	जम्मा			७	१६३८०००

अनियमित भएको	१६,३८,०००

७३ **विद्यार्थी छात्रवृतिः**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन गराउने र सो को पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

७४ **शैक्षिक गुणस्तरः**

पालिकाको शिक्षा शाखाबाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत २०८१ सालको एस.ई.ई. परीक्षामा सहभागी विद्यार्थीको नतिजाको अवस्था देहाय बमोजिम रहेको छ ।

विद्यालयको नाम	परीक्षामासहभागी	४	३.६ - ४.०	३.२-३.६	२.८-३.२	२.४ -२.८	जम्मा	NG	उत्तीर्णप्रतिशत
विभिन्न ६३ विद्यालय	५८९	१	१३४	१८७	१४८	५०	५२०	७०	८८.२९

सामुदायिक विद्यालयमा एस.ई.ई. परीक्षा सहभागी मध्ये ८८.२९ प्रतिशत मात्र उत्तिर्ण रहेको पाईयो । शैक्षिक गुणस्तरमा थप अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

७५ **सेनिटरी प्याड खरिदः**

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.२३मा सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि ६-१२ सम्मको छात्राको तथ्यांक यकीन गरी वार्षिक १० महिना अवधिको लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था गर्नुपर्दछ। साथै गत विगतको मौज्दातको अवस्था यकीन गरी आवश्यक मात्र नियमानुसार खरिद तथा वितरण गर्नुपर्दछ। पालिकाले भौचर नं. ३७२/०८२/३/११ बाट ५४०००।- प्याकेट सेनिटरी प्याड मू.अ.कर समेत रू.११५९३८०।- को खरिद गरी विद्यालयलाई भरपाई गराई उपलब्ध गराएकोमा तपशिल बमोजिमका व्यहोरा देखिएका छन्

सेनिटरी प्याड खरिदः शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.२३मा सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि ६-१२ सम्मको छात्राको तथ्यांक यकीन गरी वार्षिक १० महिना अवधिको लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था गर्नुपर्दछ। साथै गत विगतको मौज्दातको अवस्था यकीन गरी आवश्यक मात्र नियमानुसार खरिद तथा वितरण गर्नुपर्दछ। पालिकाले भौचर नं. ३७२/०८२/३/११ बाट ५४०००।- प्याकेट सेनिटरी प्याड मू.अ.कर समेत रू.११५९३८०।- को खरिद गरी विद्यालयलाई भरपाई गराई उपलब्ध गराएकोमा तपशिल बमोजिमका व्यहोरा देखिएका छन्

(क) लागत अनुमानः पालिकाले शैक्षिक सत्र २०८२ मा विभिन्न विद्यालयका १२ सम्मका १८८४ छात्राहरुको लागि उपरोक्त कार्यविधि अनुसार जम्मा ३७६८० प्याकेट (१८८४छात्रा × १०महिना × २ प्याकेट) खरिद गर्नुपर्नेमा ५४०००।- प्याकेट खरिद गरेको छ। सेनिटरी प्याडको लागत अनुमान तयार गर्दा विद्यालयको आवश्यकता पहिचान गरी गत वर्षको मौज्दात रहे नरहेको विवरण समेत संकलन गरेको देखिएन। लागत अनुमान तयार गर्दा छात्रा संख्याको साथै विद्यालयको माग फारम वा विद्यालयमा रहेको मौज्दातलाई समेत विश्लेषण गर्नुपर्दछ।

(ख) वितरणः सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को ४(४) अनुसार स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता र विद्यालयहरुमा भण्डार क्षमताको आधारमा त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्नुपर्दछ। पालिकाले कार्यविधिमा उल्लेखित आधार बेगर एकै पटकमा विभिन्न २९ विद्यालयलाई जम्मा ४३४ बोरा (१ बोरामा करीब १२० प्याकेटले जम्मा ५२०८० प्याकेट) वितरण गरेको देखियो। लामो समयसम्म मौज्दात रहेमा वा राम्रो सँग भण्डारण नभएमा प्याडको गुणस्तरमा ह्रास भई गम्भीर स्वास्थ्य समस्या हुने भएकोले कार्यविधिले तोकेको मापदण्ड अनुसार सेनिटरी प्याड वितरण गरिनुपर्दछ। साथै विद्यालयमा रहेको सेनिटरी प्याडको मौज्दात यकीन गरी अभिलेख राख्नुपर्दछ।

७६ **छात्रवृत्ति अनुदानः**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं ७.२.१.१ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या एकिन गरी छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा भौचर नं.२७२/०८२/२/६ बाट विद्यालयहरुमा रु.६४५०००। निकासा

गरेकोमा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन। साथै तपशिलका विद्यालयलाई रु. ७१६००.०० छात्रवृत्ति निकासा गरेकोमा भर्पाई पेश भएको छैन। अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ तपशिलका विद्यालयले छात्रवृत्ति वितरणको भरपाई पालिकामा पेश गर्नुपर्ने रु

सि नं	विद्यालयको नाम	निकासा रु.
१	थानपाती आ वि	६८०० ।-
२	नवदिपेश्वर आ वि	२४०० ।-
३	ज्ञानदान आ वि	७२०० ।-
४	कपिलेश्वर आ वि	५६०० ।-
५	पुण्य आधारभूत विद्यालय	२४०० ।-
६	कालिका देवी आ वि ७	७२०० ।-
७	जगदम्बा आ वि	२२४०० ।-
८	नर्मदेश्वर आ वि	१०४०० ।-
९	साँखे आ वि	७२०० ।-
	जम्मा रु.	**७१६००।-**

प्रमाण पेश नगरेको	७१,६००

७७ **मेन्टरिङ्ः**

शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं. १५.३ मा विद्यालय सुपरीवेक्षण तथा शिक्षकको निरन्तर पेशागत सहयोग तथा मेन्टरिङ पद्धतिको कार्यान्वयन सम्बन्धमा १५.३(ङ) मा स्थानीय तहले मेन्टरहरुबाट पेश भई भेरिफिकेशन भएका प्रतिवेदनलाई समेटेर एकीकृत प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रको शिक्षक तालिम शाखामा पठाउनुपर्ने व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस आर्थिक वर्षमा २८ नवप्रवेशी शिक्षकहरुलाई मेन्टरिङ् गरेवापत ५ जना मेन्टरहरुलाई कार्यविधि अनुसार प्रति मेन्टर रू.४८६००।- का दरले जम्मा रु.२४३०००।- भुक्तानी भएको देखियो। पालिकाले कार्यविधि अनुसार एकीकृत प्रतिवेदन तयार नगरेकोले कार्यविधि अनुसार सबै विवरणहरु तयार गरी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

७८ **विद्यालयको लेखापरीक्षणः**

शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.१० को उपक्रियाकलाप ५.४ बमोजिम आधारभूत तथा माध्यामिक तह सञ्चालित विद्यालयहरुलाई सामाजिक परीक्षण ,आर्थिक लेखा परीक्षण, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालन गर्नका लागी तोकिए बमोजिमको एकमुष्ट अनुदान उपलब्ध गराउने साथै सो कार्य नगराउने विद्यालयलाई यस क्रियाकलाप बापतको रकम उपलब्ध नगराउने व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसारका विद्यालयलाई सो कार्यका लागि अनुदान रकम उपलब्ध गराएकोमा लेखापरीक्षण प्रतिवेदन पेश नगरेकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.

क्र.स.	विद्यालयको नाम	भुक्तानी रकम
१	श्री गुह्येश्वरी आ वि	१००००।-
२	श्री देवीस्थान आ वि ६	१००००।-
३	श्री स्थानापाति मा वि	१५०००।-
४.	श्री प्रज्ञादात्री आ वि	१००००।-
५.	श्री ज्ञानदान आ वि	१००००।-
६.	श्री कालीदेवी आ वि पिप्ले	१००००।-
७.	श्री भिमेश्वर आ वि-१४	१००००।-
८.	श्री महादेव आ वि	१००००।-
९.	श्री नवदिपेश्वर आ वि	१००००।-
१०.	श्री माध्यमिक विद्यालय	१५०००।-
	जम्मा	११००००।-

प्रमाण पेश नगरेको	१,१०,०००

७९ **औषधि खरिदः**

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। पालिकाले रू.१३२६५८५।- औषधि र उपकरण खरिद गरेकोमा पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

८० **न्यानो झोलाः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका वटा ६ बर्थिङ सेन्टरमा यस वर्ष ३६८ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको स्वास्थ्य शाखाको गत वर्षको बाँकी मौज्दात ५०५ थान रहेकोमा १३७ थान न्यानो झोला पालिका र अन्तर्गतका बर्थिङ सेन्टरमा मौज्दातमा रहेका छन्।यस आर्थिक वर्षमा न्यानो झोला खरिद नभएकोमा गत वर्षको बाँकी रहेको मौज्दातले यस आर्थिक वर्ष समेतको माग पुरा भएर मौज्दात समेत बाँकी रहेको देखियो। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।,

८१ **उपचार खर्चः**

मृगौला प्रत्यारोपण डायलसिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामी औषधि उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ को बुँदा नं २ख अनुसार तोकेको उपरोक्त लक्षित समुहलाई कार्यविधिको बुँदा नं ४ बमोजिम रू.५०००।- त्रैमासिक रुपमा महिनाको अन्तिम दिन लाभग्राहीको बैक खातामा जम्मा गर्ने व्यवस्था छ। उपरोक्त निर्देशिकाको बुँदा नं.४ मा पेन्सन सुविधा पाइरहेका, अन्य कुनै सामाजिक सुरक्षा भत्ता सुविधा पाइरहेका व्यक्तिले यो सुविधा नपाउने तथा बुँदा नं. ७ मा लाभग्राहीको अभिलेख

यस निर्देशिकाको अनुसूची ४ बमोजिम राखी अद्यावधिक गरी राख्नु पर्ने र बुँदा नं. १० मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालय, सम्बन्धित वडा कार्यालय र वेभसाइटमा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। अनुसूची ४ बमोजिम लाभग्राहीको विवरण अद्यावधिक गरी सम्बन्धित वडा कार्यालय र वेभसाइट सार्वजनिक नगरेको कारण उपचार खर्चमा पारदर्शिता देखिएन। निर्देशिका बमोजिमका विवरण अद्यावधिक गरी उपचार खर्च वितरण प्रक्रियामा पारदर्शिता कायम गर्नुपर्दछ।

८२ **फरक शीर्षकः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ (२) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको यकीन गरी खर्च निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले तपसिल बमोजिम स्वास्थ्य केन्द्रको प्रशासनिक तथा कार्यलय सम्बन्धी खर्च गर्दा नियमानुसार तोकिएको खर्च शीर्षकबाट नगरी स्थायी स्वास्थ्य कर्मचारीहरुको तलब भत्ता महंगी भत्ता पोशाक शीर्षकबाट गरेको देखियो। यसरी शीर्षक फरक पारी खर्च लेखेको रू. ६९६३७८।- नियमसम्मत नदेखिएको रु.

भौचर नं र मिति	रकम	कैफियत
३२७/०८२/३/१५	२००००	बेतिनी स्वा.केन्द्र प्र.खर्च
३२८/०८२/३/१५	३००००	स्तनपान कक्ष निर्माण
३०२/०८२/३/१५	५००००	कार्यालय समान खरिद
३४९/०८२/३/१७	४००००	कार्यालय समान खरिद
३५५/०८२/३/१७	८००००	कार्यालय समान खरिद
३५८/०८२/३/१७	३६०००	स्तनपान कक्ष निर्माण र कार्यालय खर्च
३५९/०८२/३/१७	३००००	कार्यालय समान खरिद
३६१/०८२/३/१७	५३०००	कार्यालय समान खरिद
३६३/०८२/३/१८	२००००	कार्यालय संचालन खर्च
३६४/०८२/३/१८	२००००	कार्यालय संचालन खर्च
३६५/०८२/३/१८	४००००	कार्यालय संचालन खर्च
३८१/०८२/३/२०	२००००	कार्यालय संचालन खर्च
३९१/०८२/३/२२	११००००	तीन स्वास्थ्यकर्मीको पे.फ./प्र.खर्चको बिल
३९२/०८२/३/२२	६००००	स्तनपान कक्ष निर्माण
३४१/०८२/३/१६	८७३७८	कृषि पशु अधिकृतको करार सेवाको असारको तलब
जम्मा	**६९६३७८**	

अनियमित भएको	६,९६,३७८

८३ **औषधि PAMS V2 दाखिलाः**

स्वास्थ्य सेवा विभागको पत्र संख्या २०८१।८१, च.नं. २०७३ मिति २०८२।३।३०को पत्रानुसार eLMIS लाई PAMS माइग्रेशन गर्नका लागि २०८२।८३ देखि औषधि तथा औषधिजन्य सामग्रीहरुको जिन्सी व्यवस्थापन PAMS V2 मा eLMIS को फिचर थप गरी eLMIS संचालन भएका सम्पूर्ण संस्थाहरुमा PAMS V2 लागु गर्ने भएकोले आ.व. २०८१।८२ को eLMIS को अन्तिम मौज्दात लाई PAMS V2 मा अ.ल्या. गर्न अषाढ मसान्त सम्म भएको सम्पूर्ण तथ्यांकहरुलाई अद्यावधिक गरी २०८२ श्रावण १५ गते भित्र जिन्सी खातामा प्रिन्ट गरी राख्ने व्यवस्था गरेको छ। पालिकाले २०८१।८२ अषाढ मसान्त सम्मका औषधिको अन्तिम मौज्दात अद्यावधिक

गरी जिन्सी खातामा राखेको नदेखिएको औषधि मौज्दात यकिन गर्न सकिएन। पालिकाले उपरोक्त निर्देशनानुसार औषधि तथा औषधिजन्य सामग्रीको मौज्दात यकीन गरी ह.फा गरेका औषधिहरु समेतको विवरण जिन्सी खाता अद्यावधिक गरी राख्नुपर्दछ।

८४ **बिल विजक** (७२-2081-09-08):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने र सक्कल विल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । पालिकाले वडा नं ४ कार्यालय भवन निर्माण को लागी ठेक्का नं २३।०८०।०८१ को निर्माण व्यवसायी एल एस कन्स्ट्रक्सन सँग मिति २०८१।३।११ मा मिति २०८२।३।१० सम्म सम्पन्न गर्ने गरी रु.१,१५,९४,६०९ मा सम्झौता भएको छ । निर्माण व्यवसायीले वि ओ क्यू मा रहेको ल्याव टेष्ट वापतको रु.५९,३२५ को (सिभिल ईन्जिनियरिङ्ग महोत्तरी) फोटोकपी विल संलग्न गरी भुक्तानी दिएको पाईयो । खर्च लेखिएको विलको सक्कल विल पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५९,३२५

८५ **गृहणी महिला शसक्तिकरण कार्यक्रमः**

गृहणी महिला शसक्तिकरण कार्यक्रम अन्तर्गत समाजिक विकास कार्यालय, धुलिखेल र नगरपालिका बीच रु.१९२८४१९.०० लागत मध्ये समाजिक विकास कार्यालयले रु. १६३९१५६.०० र नगरपालिकाले रु. २८९२२६३.०० खर्च गर्ने गरी २०८१।९।२८ मा सम्झौता भएकोमा रु.१०४७८७८.०० खर्च भएको छ। सो सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्

८५.१ गृहणी महिला शसक्तिकरण कार्यक्रम अन्तर्गत समाजिक विकास कार्यालय धुलिखेल र नगरपालिका बीच रु.१९२८४१९.०० लागत मध्ये समाजिक विकास कार्यालयले रु.१६३९१५६.०० व्यहोर्ने उल्लेख भई सामाजिक विकास कार्यालयबाट सोहि अनुसार पहिलो किस्ता रकम रु.११४७७०९.०० निकासा भई रु.१०४७८७८.०० खर्च भएकोमा रु. ९९८३२.०० फिर्ता भएको देखिन्छ। सम्झौता अनुसार खर्च रकमको १५ प्रतिशत नगरपालिकाको श्रोतबाट खर्च लेख्नुपर्नेमा कार्यक्रममा खर्च भएको सबै रकम प्रदेश सरकारको श्रोतबाट खर्च भएको देखिएकोले सम्झौता अनुसार नगरपालिकाको श्रोत वाट खर्च गर्नुपर्ने रु १५७१८१.०० प्रदेश सञ्चित कोषमा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,५७,१८१

८५.२ गृहणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८० को बुँदा नं २४ मा गृहिणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालनका लागि खर्चका शीर्षक अनुसूची- ३ बमोजिम हुनेछ। अनुसूची ३ मा गृहिणी महिलाहरूको प्रोफाइल विकास र कार्यक्रम सञ्चालन, तालिम संचालन, बिंउ पूँजी, गृहिणी महिलाहरूको सशक्तीकरणका लागि चेतनामूलक, सशक्तीकरण कार्यक्रम, व्यवसायबाट उत्पादन तथा विक्रिको व्यवस्थापन, सिप परीक्षणको लागत लगायतमा खर्च गर्न मिल्ने देखिन्छ। उक्त खर्च शीर्षकमा मेशिनरी औजार किन्न मिल्ने देखिदैन।पालिकाले निर्देशिका विपरित गलैचा तान २० सेट खरिद गरी रु ३८१४८८.०० खर्च गरेको छ । यसरी निर्देशिका विपरित समाग्री खरिद गरेको रकम नियमसम्मत देखिदैन। साथै उक्त खरिद भएका सामग्री वितरण गरेकोमा १० जनालेमात्र बुझेको भरपाई पेश भएकोले बाँकी १० थान भरपाई पेश गर्नुपर्ने अन्यथा जिन्सी दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,९०,७४४

८५.३ गृहणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८० को बुँदा नं २४ अनुसूचि ३ अनुसार तालिम संचालन गर्दा सीपमुलक तालिम सञ्चालन कार्यविधि, २०८० अनुसार गर्नुपर्ने उल्लेख छ। उक्त कार्यविधिमा प्रशिक्षकको योग्यता निर्धारण गरेको छ । सो अनुसार प्रशिक्षक मान्यता प्राप्त शिक्षण संस्थानात विषयमा प्रमाण-पत्र वा कुनै विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी स्वीकृत प्राप्त संस्थाबाट सम्बन्धित विषयमा १ वर्षको तालिम प्राप्त वा प्रमाण पत्र तह उर्तिण गरी सम्बन्धित कामको १ वर्षको अनुभव भइ सम्बन्धित सीपमा दुई तहको सीप परीक्षण पास भएको हुनपर्ने उल्लेख छ। मन्थली नगरपालिकाले ३० जनालई दुधको परिकार बनाउने तालिम दिएकोमा प्रशिक्षकले १ हप्ते दुग्ध प्रशोधन तथा विविधिरकण (डेरी उद्यमी) तालिम मात्र लिएको विवरण पेश भएकोले निर्देशिका अनुसार योग्यता नपुगेको प्रशिक्षकबाट प्रशिक्षण लिएको देखिएकोले तालिम प्रभावकारी भएको सम्बन्धमा यकिन हुन सकिएन।

८६ **खर्चको अनुपातः**

सडक वोर्ड नेपालको मिति च.नं १०८०, मिति २०८१।९।२८ को आ.व. २०८१।८२ को स्विकृत कार्यक्रमको सहमतिमा निम्नानुसार खर्च व्यहोर्ने उल्लेख भएकोमा नगरपालिकाले निम्न योजनाहरुमा सडक वोर्डबाट खर्च गर्ने गरी स्विकृत भएको भन्दा बढी रकम सडक वोर्डबाट खर्च गरेको देखिएकोले बढी खर्च भएको रु.५४६५०३.०० सडक वोर्डमा फिर्ता भएको प्रमाण पेश हुनुपर्ने रु.

गोश्वरा भौचर नं र मिति	सडकको नाम	लागत अनुमान	खर्च रकम	सडक वोर्डले खर्च व्यहोर्नुपर्ने	सडक वोर्डबाट खर्च	बढी भएको खर्च
९- २०८२।३।२५	मन्थली भ्याउरे भलुबाजोर हुलाकडाँडा सडक स्तरोन्नती	१५५१६१०.००	१२५५८७८.००	९८००००.००	१२५५८९९.००	३७६७६३.००
७-२०८२।३।१८	मन्थली डिही कठजोर धोबी सडक	११७०९००.००	९९७८००.००	७२००६०.००	९९७८००.००	२७७७४०.००
६३५-२०८२।१।१७	मन्थली कुकुरकाटे भञ्ज्याङ सडक	४४३८८०.००	३८८०००.००	२८००००.००	०	(१०८०००)
						५४६५०३.००

प्रमाण पेश नगरेको	५,४६,५०३

८७ **उपभोक्ता समितिको भुक्तानीः**

उपभोक्ता समितिसंग सम्झौता गरी कार्यसम्पन्न भएपश्चात उपभोक्तालाई रकम भुक्तानी गर्दा उपभोक्ताको योगदान र नियमानुसारको कर कट्टी गरी बाँकी रकम उपभोक्ता समितिको खातामा पठाउनुपर्नेमा पालिकाले १ लाख भन्दा कम भुक्तानी हुने योजनामा उपभोक्ता समितिको खातामा रकम नपठाई उपभोक्ता समितिको अध्यक्ष वा सचिवको व्यक्तिगत खातामा पठाएको देखिन्छ । यसरी उपभोक्ता समितिको खातामा नपठाई व्यक्तिको खातामा रकम पठाउनु उपयुक्त देखिएन । पालिकाले यस सम्बन्धमा ध्यानु पर्याउनु पर्ने देखिन्छ । केहि उदाहरण निम्न छन् ।

योजनाको नाम	भुक्तानी लिनेको नाम	पद	भुक्तानी रकम
ओम शिव शक्ति कल्याणी साहारा आश्रम	कुमार श्रेष्ठ	उ.स. अध्यक्ष	९७०००
सामूदायिक प्रहरी कटहरेबोट छेकवाल	राजु श्रेष्ठ	उ.स. सचिव	४८५००
मनपा १२ को रजाइ पुछार फुटपाथ निर्माण	श्री राजन खड्काला	उ.स. अध्यक्ष	९७०००
फलेदे पधेरो सत्तल निर्माण उस	श्री बिष्णु बुढाथोकी	उ.स. अध्यक्ष	९७०००
कुडहर ध्वान्द्रे खोला सडक मर्मत	श्री केशव प्रसाद घिमिरे	उ.स. अध्यक्ष	९७०००

८८ **अस्पताल औजार तथा औषधी सामाग्री खरिद** (५६-2082-03-25):

बागमती प्रदेश एकिकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ अनुसार प्राप्त भएको अनुदान तथा सहयोग सोही कार्यक्रममा कानुनले तोकेअनुसारमा खर्च हुनुपर्दछ । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयवाट अस्पताल महामारी वा जनस्वास्थ्य विपतको न्यूनिकरण, नियन्त्रण तथा प्रतिकार्य क्रियाकलापमा आवश्यक पर्ने औजार र औषधी सामाग्री सुनिश्चित गर्न तथा अस्पतालमा उपयोगको लागी औजार उपकरण खरिद गर्न २५ लाख पालिकालाई प्राप्त भएको देखिन्छ । पालिकामा रहेको नगर-अस्पतालले मेशिनरी तथा औषधि सहयोगको लागी माग गरेकोले उक्त रकम विद्युतिय खरिद विधी प्रयोग गर्ने गरी मिति २०८२।३।२५ मा प्रमुख प्रशासकिय अधिकृत स्तरको निर्णयवाट निकासा गरेको पाईयो । उक्त रकम पेश्की नजनाएको साथै लेखापरीक्षण अवधिसम्म कार्यसम्पन्न समेत नभएको र प्रगति विवरण समेत पेश नभएले उक्त निकासा खर्चको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२५,००,०००

८९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमको मूख्य उद्वेश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरी उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरी आर्थिक विकासमा योगदान पुर्‍याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।कार्यविधि अनुसार बेरोजगार युवाको लगत तयार गरी उनिहरूलाई रोजगारको अवसर प्रदान गरी उनीहरूको आर्थिक विकासमा सहयोग पुर्याउने योजना संचालन गर्नुपर्नेमा सो अनुसार संचालन भएको देखिदैन। यस कार्यक्रम अन्तर्गत स्थानीयतह भित्रका वडाहरूमा गोरेटो बाटो निर्माण खानेपानी मर्मत नाली सरसफाई मोटर बाटो मन्दिर निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी ७ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष १३३ जना लाई रोजगारी उपलव्ध गराई रू.४२,६१,५८० खर्च गरेको छ । सो वाहेक कर्मचारी तलवमा रु.१३,८४,३४४ खर्च भएको छ । लक्षित वर्ग लाई औषत ८१ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन। तसर्थः कार्यक्रमको मुल मर्म अनुसार कार्यक्रम सञ्चालन गरी आर्थिक विकासमा योगदान पुग्ने गरी गर्नुपर्दछ।

९० **काम वाँकी हुँदाहुँदै कार्यसम्पन्न प्रतिवेदन जारी गरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ को २ (क) मा निर्माण कार्यको हकमा कम्तिमा नब्वे प्रतिशत भौतिक प्रगती भएको र आयोजनाको उद्धेश्यअनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा भएको अवस्था भएमा र सम्वन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्यस्विकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारका योजनामा निर्माण व्यवसायीले निर्माणको शत प्रतिशत कार्य सम्पन्न गर्न नसकी ८३ प्रतिशत सम्म मात्र कार्य सम्पन्न भएको अवस्थामा समेत पालिकाले कार्यस्विकार गरेको र कार्यसम्पन्न प्रतिवेदन जारी गरी अन्तिम भुक्तानी गरेको पाईयो । यसरी ११ देखि १७ प्रतिशतसम्म कार्य वाँकी रहेको अवस्थामा कार्यस्विकार गरी कार्यसम्पन्न प्रतिवेदन जारी गरेको नियमसम्मत देखिएन ।

योजनाको काम	निर्माण व्यवसायी	सम्झौता रकम	कार्यसम्पन्न रकम	वाँकी काम	सम्पन्न प्रतिशत
सावाडाडा पशुपति सिक्राल साउनेपानी सडक	गडुवारी निर्माण सेवा	११८९२०७१	९९७६९८७	१९१५०८४	८३
ठुलोपोखरी वाल उद्यान निर्माण	धनकृष्ण कन्स्ट्रक्सन प्रा ली	२६०३७८७	२३१०४५०	२९३३३७	८८
माथिल्लो खण्ड बुढीलोसे बाङ्गेसल्ला पुरानागाउँ थानापति मन्दिर गेट सडक	कुन्तादेवि निर्माण सेवा	२७०६८६२	२४२१८६४	२८४९९८	८८
जम्मा		१७२०२७२०	१४७०९३०१	२४९३४१९	

९१ **बिल भरपाई** (७२-2081-09-08):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गरी सक्कल विल भरपाई साथ लेखा राख्नुपर्ने उल्लेख छ । पालिकाले वडा नं ८ कार्यालय भवन (ठेक्का नं २३।०८०।८१) निर्माणको लागी मिति २०८१।३।११ मा भएको सम्झौताअनुसार एल एस कन्स्ट्रक्सनले २०८२।३।१० सम्म सम्पन्न गर्ने गरी सम्झौता गरेको छ । उक्त निर्माण कार्यको लागत अनुमान २ करोड रहेको र कवोल अंक ११५९४६०९ रहेको र अन्तिम विलमा ल्याव टेस्ट वापतको रु.५२००० भुक्तानी गर्दा फोटोकपि विल संलग्न गरी खर्च लेखेको पाईयो । नियमावलीमा भएको व्यवस्था अनुसार सक्कल विल पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५२,०००

९२ **अन्य निकायको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्विकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारमा अन्य कार्यालयको खर्च बजेटमा व्यवस्था नगरी रु.२०,०७,७८१ भुक्तानी गरेको खर्च रकम मितव्ययी र प्रभावकारी भएको देखिएन । पालिकामा अन्य निकायको यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्दै जाने हुँदा यस्तो अन्य निकायको खर्च नियन्त्रण गर्ने, खर्च नगरी नहुने अवस्थामा अन्य सम्वन्धित निकायवाट पनि यस्तो वजेट विनियोजन भएकोमा दोहोरो पर्ने लगायतका विषयहरु निरुपण नहुने भएकाले नियमसम्मत नदेखिएको रु.

गो भौ नं	काम	निर्माण व्यवसायी	भुक्तानी रकम	कैफियत
३५६।१२।२६	चमेना गृह निर्माण	तामाकोशी ग्रील उद्योग	४८५०००	नेपाल प्रहरी
५५४।३।११	व्यारेक र मेश पछाडी स्लोपको संरक्षण लगायत	सन्दिप विल्डर्स एण्ड सप्लायर्स	३५००००	सशस्त्र प्रहरी
२१।३।११ प्रकोपतर्फ		सन्दिप विल्डर्स एण्ड सप्लायर्स	४७३३९८	सशस्त्र प्रहरी
७५९।३।२५	टहरा निर्माण व्यारेक	वुद्धभुमी निर्माण सेवा	६९९३८३	नेपाली सेना
		जम्मा	२००७७८१	

अनियमित भएको	२०,०७,७८१

९३ **ठेक्कावाट वचत वजेट अन्य योजनामा खर्च लेखेको**

पालिकाको बजेट अधिवेशनवाट तोकिएका कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुनुपर्दछ । बजेट अधिवेशनवाट तोकिएका योजना वाहेक कार्यकारी निर्णयवाट ठेक्का वाट बचत रकम अन्य काममा समेत खर्च लेखेको देखिन्छ । यसरी ठेक्कावाट वचत भएको रकम कार्यपालीकावाट निर्णय गरी टुक्रे योजनामा खर्च लेख्दा खर्चको प्रभावकारीता नहुने देखिन्छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

योजना तथा कार्यक्रम ठेक्काबाट बचेको वडा नगर साझेदारी रकम, २०८१।०८२					
योजना तथा कार्यक्रमको नाम	वडा नं	विनियोजित बजेट रकम	सम्झौता मिति	सम्पन्न/भुक्तानी मिति	भुक्तानी रकम
सिरानटोल जानेबाटो सिँढी निर्माण	८	२२५०००	२०८१।१०।१३	२०८१।१२।२५	२१८२५०
स्वास्थ्य भवन मर्मत चाँपाबोट	१३	८०००००	२०८१।१०।२३	२०८२।१।४	७७६०००
दोबाटो हुँदै नेपालीटोल जानेबाटो	८	२५००००	२०८१।११।९	२०८२।१।२	२४२५००
दारेगौडा जानेबाटो मर्मत	८	२०००००	२०८१।११।९	२०८२।१।२	१९४०००
सामुदायिक भवन मर्मत तथा सुधार	१३	१२८५०००	२०८१।११।२२	२०८२।३।२३	१२४६७९८
पर्यटक तथा बालमैत्री पार्क निर्माण	४	१४७७९५६	२०८१।१२।२०	२०८२।३।२३	१४३२७९
बिस्ली पशुपति सडक स्तरोन्नति	१४	१८९०९३६	२०८२।१।४	२०८२।३।२	१८३४५२०
देवकोटा चोकमुनी सडक निर्माण	१	२०००००	२०८२।१।१०	२०८२।३।१५	१९४०००
ठुलो पोखरी बाल उद्यान निर्माण	५	१३१८०९९	२०८२।१।१४	२०८२।३।२४	१००८१९४
भोजराज टोल हुँदै माथिल्लो सिँढी निर्माण	८	१४००००			
भदौरे सिस्नेपानी वडा कार्यालय जाने स्तरोन्नति	३	२२४१३९६	२०८२।१।१९	२०८२।३।२०	२१७४१५४
भ्यागुरे फुट ट्र्याक निर्माण	१	३०००००	२०८२।१।३०	२०८२।३।१५	२९१०००
मच्छेडाँडी भैसेस्वर सडक	१	१०२४९४६	२०८२।२।१	२०८२।३।२२	९९४१९७
जखनीटार डाँडा हुँदै आर्यघाट जानेबाटो	८	१२५०००			
बाल उद्यान निर्माण	८	२०५०००	२०८१।१२।५	२०८२।३।१०	१८९८२२
तीनकुण्ड महादेव मन्दिर छत्रेवर सडक स्तरोन्नति	६	१७४०६४५	२०८२।२।४	२०८२।३।१५	१६८८४२५
कालीदेवि आ.वि.देखि देवीथान खोलाटोल वडा कार्यालयसम्म सडक स्तरोन्नति	९	१२११९३१	२०८२।२।१२	२०८२।३।२५	९६१२३६
न्यौपाने कुलथान निर्माण	१	१०००००	२०८२।२।२५	२०८२।३।१३	९७०००
जम्मा		१४७३५९०९			१२२५३३७५

९४ कार्यसम्पन्न पश्चात् सम्पुर्ण ठेक्का अंकको विमा गराएको

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गरी सक्कल विल भरपाई संलग्न गर्नुपर्ने उल्लेख छ । पालिकाले विस्ली पशुपती सडक स्तरोन्नती (नगरसँग साझेदारी) सडकको कार्यसम्पन्न गरी मिति २०८१।१२।१९ मा पालिकामा अन्तिम विल माग दर्ता गरेकोमा मिति २०८२।३।२ को कर विजक जारी गरेको छ । निज थापा एण्ड भालुवाजोर निर्माण सेवाले एन एल जि विमा कम्पनी सँग मिति २०८२।३।२ मा मात्र विमा गराएको पोलिसि सहितको कर विजक संलग्न गरी रु.१९३२८.१५ भुक्तानी लिएको पाईयो । कार्यसम्पन्न भईसकेपछी सम्पुर्ण ठेक्का रकमको विमा गराई भुक्तानी लिएको उपयुक्त देखिएन । यसवाट पालिकालाई थप व्ययभार परेकोले सम्वन्धित प्राविधिकलाई जिम्मेवार वनाई उक्त रकम थापा एण्ड भालुवाजोर निर्माण सेवा प्रा ली वाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१९,३२८

९५ धरौटी फिर्ता

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(१) ले कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ बमोजिम दाखिला नहुने भएमा त्यस्तो धरौटी रकम सम्वन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२) मा निर्माण व्यवसायी आपुर्तिकर्ता तथा सेवाप्रदायकले निर्माण कार्यको कम्तिमा असि प्रतिशत काम सम्पन्न गरेको, काम सन्तोषजनक भएको र निर्धारित समयमा सम्पन्न हुने सुनिश्चित भएमा आन्तरीक राजश्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश गरेपछि रिटेन्सन मनि फिर्ता दिन सक्ने उल्लेख छ । पालिकाले निम्नानुसारका फर्म वा व्यवसायीहरुको धरौटी फिर्ता दिँदा सम्वन्धित फर्म वा व्यवसायीले कर कार्यालयमा कर विवरण समेत पेश गरेको प्रमाण पेश नभएकोले भुक्तानी भएको मु.अ.कर रकम रु.१४७५०००.०० को मु. अ. कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु.

गो भौ नं	फर्म वा व्यवसायी	फिर्ता रकम	कैफियत
८।९।९	अधिकारी कन्स्ट्रक्सन	१३६५०००	प्राईम कमर्सियल वैकको जमानत
२२।२।२६	जेसन विल्डर्स	११००००	प्रमाण कागजात नभएको
	जम्मा	१४७५०००	

प्रमाण पेश नगरेको	१४,७५,०००

९६ निर्माण व्यवसायीको काममा त्रुटी देखिएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१क) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भईसकेपछी सम्झौता बमोजिम निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधी समाप्त नहुँदै कुनै त्रुटी देखिएमा सार्वजनिक निकायले सो को एकिन गरी समयमा नै दाबी गर्नुपर्ने उल्लेख छ । यस्तो गर्दा सम्वन्धित सार्वजनिक निकायले प्रत्येक महिनाको कार्यप्रगती देखिने गरी अभिलेख समेत प्रमाणित गरी राख्नुपर्ने उल्लेख छ । पालिकाले निर्माण व्यवसायीले गरेको काममा त्रुटी देखिएको जनाई त्रुटी सच्याउन पालिकाले पटक पटक पत्राचार गरेतापनी लेखापरीक्षण अवधीसम्म निर्माण व्यवसायीले कुनै सुधारका कदम चालेको पाईएन । नगरपालिकाले उक्त कार्य निर्माण कार्यमा देखिएको त्रुटि सुधारको लागि थप पहल गर्नुपर्ने देखिन्छ ।

आयोजनाको नाम	ठेकेदार	लगत इष्टिमेट	सम्झौता रकम	सम्पन्न मिति	पत्राचार गर्नुको कारण
सावाडाडा पशुपति सिक्राल सडक	गड़वारी निर्माण सेवा	२०००००००	११८९२०७१	२०८२-०२-२०	कालोपत्रे गर्ने कार्यको विभिन्न चेनेजमा त्रुटी देखिएको कारण।
नाराबारी वस्ती संरक्षण तथा तटबन्ध निर्माण	थापा एण्ड भलुवाजोर निर्माण सेवा	४००००००	१८५८८७५	२०८२-०१-२०	केहि चेक ड्याम निर्माण गरिएको ग्याबियन र सोलिंग गर्ने कार्यको केहि स्थानमा त्रुटी देखिएको

स्थलगत निरिक्षणवाट देखिएको फिल्ड (नाराबारी वस्ती संरक्षण तथा तटबन्ध निर्माण योजना)को अवस्था
तस्विर नं १.ग्याविन जाली भरेकोमा वेस भत्केको तस्विर नं २.चेक ड्यामको वेस खुलेको तस्विर नं ३.भत्केर ढुंगा छिरालिएको

९७ चेनेज अनुसारको परिमाण नखुलाई भुक्तानी

पालिकाले वर्षातका समय बिग्रे भत्केका सडकको सरसफाई, मर्मत तथा पहिरो पन्छाउने जस्ता कार्यहरु गरे बापत यस वर्ष सोझै निर्माण व्यवसायीसँग सम्झौता गरी निर्माण व्यवसायीलाई रु.४२,२५,४६४.०० भुक्तानी गरेकोमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

• पालिका तथा वडा कार्यालयले निर्माण व्यवसायी मार्फत् सडक मर्मत गरी रु.४२,२५,४६४ भुक्तानी गरेकोमा उक्त कार्यको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) अनुसार चेनेज तथा खण्ड समेत खुलाई परिमाण यकिन गरी लागत अनुमान तयार गर्नुपर्नेमा सो अनुसार नगरेको,

• चेनेजअनुसारको लागत अनुमान, प्राविधिक विल/मूल्यांकन बेगर प्राविधिकले घण्टा प्रमाणित गरेको आधारमा वडा अध्यक्ष र प्राविधिकलाई सम्पूर्ण जिम्मेवारी वहन गर्ने गरी टिप्पणी उठाई निर्माण व्यवसायीहरुलाई रकम भुक्तानी भएको,

• पालिका तथा वडा कार्यालयले निर्माण व्यवसायीसँग सम्झौता गर्दा कुन स्थानमा कार्य गर्नुपर्ने हो सो नखुलाई वडाको क्षेत्र भित्र कार्य गर्नुपर्ने उल्लेख गरेको,

• पालिका तथा वडा कार्यालयले डोजर भाडामा लिने सम्झौता गर्दा चेनेज तथा खण्डअनुसार कार्य परिमाण र लागत अनुमान विना सम्झौताका आधारमा एकमुष्ठ जिल्ला दररेटका आधारमा सम्झौता गरेको,

• प्राविधिक मूल्यांकन बेगर निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसारको रकम भुक्तानीका लागि प्राविधिकले घण्टा प्रमाणित गरेको आधारमा मेशिज/साधन संचालन भएको घण्टाका आधारमा रकम भुक्तानीका लागि सिफारिस गरेको,

• वाटो सफा गर्ने मेसिन मन्थली वजारवाट साईटसम्म पुग्न लाग्ने घण्टा समय र खनेको अवधिको घण्टा समयको दर एकै राखी भुक्तानी गरेको, जसमा सडक विभागको नर्मस् अनुसार मेसिन गुडेको अवधि र मेशिनले खनेको अवधिको दर फरक रहने देखिएको,

• एउटै वडा भित्रमा एकै वाट पटक पटक चेनेज नखुलाई मर्मत गरेको भनी सम्झौताका आधारमा भुक्तानी गरेको,

• निर्माण कार्यको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ बमोजिम कार्य स्वीकार प्रतिवेदन र नियम १२५ बमोजिम कार्य सम्पन्न प्रतिवेदन नापि किताव (चेनेजवाईज नखुल्ने) सँग भिडान नगरी रकम भुक्तानी भएको ।

गो भौ नं	काम	निर्माण व्यसायी	खर्च रकम	कैफियत
१७।६। २१	वडा नं ११ सडक मर्मत २५ घण्टा	एस नारायण निर्माण सेवा	६७५००	२५ घण्टा काम गरेको
१८।६। २१	वडा नं ९ का सडक सफाई	जयकाली निर्माण सेवा	१८७६००	६७ घण्टा काम गरेको
२०।६। २१	वडा नं १ ३ र ११ वर्षात् वाट विग्रेका सडक मर्मत	चिसापानी भिमेश्वर कन्स्ट्रक्सन	१०३६००	३६ घण्टा काम गरेको
२४।६। २२	साना पूर्वाधार वडा समितिको निर्णयका आधारमा वडा नं ८ मा भत्किएका सडक चाडपर्व लक्षित सफाई	चिसापानी भिमेश्वर कन्स्ट्रक्सन	२७७८२२	९९.४ घण्टा काम गरेको
२५।७। ३०	वडा नं १४ मा वर्षातको कारण विग्रेको वाटो मर्मत	लुमिनस कन्स्ट्रक्सन	६८०६६०	२४५ घण्टा काम गरेको प्रतिघण्टा २७८०
३६।८। २	दशैं वाटो सफाई तथा कटीङ्ग गरेको	आर के कन्स्ट्रक्सन	१२०४००	
३७।८। ४	शाखा सडक स्तरोन्नती वडा नं १०	चिसापानी भिमेश्वर कन्स्ट्रक्सन	४९१०००	१७६ घण्टा काम गरेको
३९।८। ७	वडा नं ७ का मुख्य तथा सहायक मार्ग सफाई तथा कटिङ्ग	कैलाश विल्डर्स एण्डठ सप्लायर्स	४३१४८०	१५४ घण्टा प्रतिघण्टा २७८० का दरमा काम
४५।८। १०	साना पूर्वाधार वजेट शीर्षकवाट सुनारपानी वडा नं ५ मा विभिन्न १२ वटा दशै वाटो सफाई	प्रसिद्धि सप्लायर्स	२८९४८०	जे सि वि प्रयोग गरेको
५६।८। २३	वडा नं १२ मा चाडपर्व लक्षित सफाई	लुमिनस कन्स्ट्रक्सन	१४४४५०	५३ घण्टा प्रतिघण्टा ३०५१ का दरमा काम
७७।९। ९	वडा नं २ मा सडक सफाई तथा स्तरोन्नती	भिजन कन्स्ट्रक्सन	४०६०००	१४५ घण्टा २८०० का दरमा काम गरेको
८४।९। १७	वडा नं ९ चाडपर्व लक्षित सफाई	आर के कन्स्ट्रक्सन	२७६२७२	१०० घण्टा प्रति घण्टा २७५० का दरमा काम
९६।९। २२	वडा सडक सरसफाई	प्रवल कुशल निर्माण सेवा	१९४०००	७२ घण्टा प्रतिघण्टा २८२५ का दरमा काम
१०८। ९।२९	वडा नं ६ का विभिन्न सडक सफाई योजना	शुभ श्री निर्माण सेवा	१७००००	६१ घण्टा प्रतिघण्टा २८२५ का दरमा काम
११३। १०।७	सडक सुधार योजना अन्तर्गत वडा नं १३ मुख्य तथा सहायक सडक सफाई	रोमिष्टा कन्स्ट्रक्सन	२४९२००	८९ घण्टा प्रतिघण्टा २८०० का दरमा काम
१२५। १०।९	वडा नं ८ दशै वाटो सफाई	चिसापानी भिमेश्वर कन्स्ट्रक्सन	१३६०००	५१ घण्टा प्रतिघण्टा २८०० का दरमा काम
		जम्मा	४२२५४६४	

माथि उल्लेख भए अनुसारका काममा योजना अनुगमन समितिले अनुगमन गरेको जनाएतापनी नगर उप प्रमुखको संयोजकत्वको समितिले अनुमगमन गरेको छैन । उल्लेखित कार्य गर्दा स्पष्ट कार्य स्थान, कार्य परिणाम, लागत अनुमान विना निर्माण व्यवसायीलाई सोझै सम्झौता गरेको तथा प्राविधिक विल/मूल्यांकन, कार्य स्वीकार तथा कार्य सम्पन्न प्रतिवेदन बेगर विभिन्न तहका सिफारिस एवं

कार्यपालिकाको निर्णयका आधारमा भुक्तानी गर्नु मनासिव देखिएन । जसबाट निर्माण व्यवसायीले गरेको वास्तविक कार्य परिणाम सम्बन्धमा आश्वस्त हुन सक्ने आधार समेत देखिएन । त्यसैले यस भुक्तानीमा चेनेज तथा चेनेजवाईज परिमाण समेत नजनाएको लागत अनुमान र कार्य स्वीकार प्रतिवेदन बेगर खरिद सम्झौता गरी मेशिनको लगसिटका आधारमा भुक्तानी गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्था विपरित भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४२,२५,४६४

९८ **टोल विकास संस्थावाट काम गराएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१) अनुसार मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नुपर्दा उपभोक्ता समिति वा लाभग्राही समुहलाई सहभागी गराएर गर्न सकिने व्यवस्था छ । पालिकाले टोल विकास समिति गठन, संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को अधिनमा विधान तयार गरि सोहि विधान वमोजिम संस्थाहरु दर्ता गरेको छ । नगरपालिकाले संगठित संस्थाका रुपमा दर्ता भएका त्यस्ता संस्थाहरुको विधानमा नगरपालिकाको योजना तर्जुमा, अनुगमन र मुल्यांकन प्रक्रियामा सहभागिता जनाउने प्रमुख उद्धेश्य रहेको देखिन्छ । विधानमा संस्थाले निर्माणसंग सम्वन्धित कार्य गर्ने सम्वन्धमा उल्लेख गरेको छैन । यस वर्ष पालिकाले उक्त संस्थालाई टोल विकास समिति गठन, संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि तथा संस्थाको विधान विपरित उपभोक्ता समिति वा लाभग्राहि समुह सरह मान्यता दिइ प्रतिस्प्रर्धा वेगर सम्झौता बमोजिमको निर्माण कार्य गराई भुक्तानी दिएको छ । विधमान सार्वजनिक खरिद कानुनले उपभोक्ता समिति वा लाभग्राहिको रुपमा पहिचान नगरेको संस्थाको निर्माण सम्वन्धी कार्य गर्ने क्षमता र संरचना समेत नदेखिएको अवस्थामा यस्तो निर्माण कार्य संस्थाले निर्माण व्यवसायीवाट गराउनुपर्दछ । विकास समिति गठन, संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधिको समेत विपरीत हुने गरी प्रतिस्प्रर्धा वेगर गराएको उक्त निर्माण कार्य नियम संगत देखिएन । टोल विकास संस्थावाट भएका कार्यको केहि उदाहरण निम्न छन् ।

गो भौ नं	योजना	रकम
३९२।१।११	वडा नं ८ चिसापानी पार्क जखनिटार डाडागाउँ वाटो	१६२९८०
६६१।३।२३	सानी श्रेष्ठ टोल विकास संस्था	२८०७३०
४१८।१।२१	गढी टोल विकास संस्था चिसापानी	११८०४५
११६।१०।७	दियालो किरण टोल विकास संस्था पिपलडाडा वरगैरा मार्ग	३७७४६१

९९ **उपभोक्ता समितबाट खरिदः** (६२५-2082-03-19):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१) मा एक करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन सकिने उल्लेख छ ।खरिद नियमावली अनुसार उपभोक्ता समिति मार्फत सामान खरिद गर्न मिल्ने देखिदैन। लेखापरीक्षणको क्रममा नमुना छनोट गरी परीक्षण गर्दा फुलासी ट्यांकी वितरण तथा विरुवा ट्यांकी मर्मत उपभोक्ता समितिवाट १६ वटा ट्यांकी खरिद गरी वितरण गरेको जनाई रु.१२०९०० भुक्तानी दिएको देखियो । यसरी नियमावली विपरित उपभोक्ता समितिमार्फत खरिद कार्य गरेको निमयसम्मत नदेखिएको रु.

अनियमित भएको	१,२०,९००

१०० **पालिका कार्यालयका काम उपभोक्ता समितिवाट गराएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समितिमार्फत गराएको कार्य सम्पन्न भएपछी सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समिति मार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको माध्यमवाट गर्नुपर्ने रु.१४२५५०४

का कार्यहरु समेत उपभोक्ता समितिमार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लाभग्राही समुदायमार्फत भवन निर्माण कार्य गराउनु नियमसम्मत नदेखिएको रु.

गो भौ नं	योजना वा उपभोक्ता समिति	भुक्तानी रकम	कैफियत
३८३। १।१८	स्वास्थ्य भवन निर्माण वडा नं १३	७७६०००	नारवारी वस्ती संरक्षण ठाडोखोला तटवन्ध(नगर वडा साझेदारी) कार्यक्रम
२५५। ११।२६	कठजोर स्वास्थ्य चौकी घेराबार आयोजना उ स वडा नं ३	१९९८९८	कठजोर स्वास्थ्य चौकी घेरावार कठजोर
४८८। २।१९	शहरी स्वास्थ्य केन्द्र वाहुचुरा	१९४०००	चाडपर्व लाई लक्षित गरि सडक सरसफाई कार्यक्रम
२४९। १२।२५	थानापति आ.बि.बाहुनचुरा घेराबार कार्य उ.स. वडा नं. ९	२५५६०६	वालमैत्री कार्यक्रम आवश्यक भौतिक पूर्वधार निर्माण
२५३। ११।२६	कपिलेश्वर आ वि घेरावार	३८८०००	कपिलेश्वर शौचालय ट्यांकी निर्माण
३४७। १२।१२	डा नं. १३ मा सेतिदेवी आ.वि.फूलासी शाखे आ बि देवीटार र इन्द्रदेवी आ.वि.चुहानटार घेराबार खानेपानी लगायत बालमैत्री पूर्वाधार निर्माण	४३७६६४	वालमैत्री कार्यक्रम आवश्यक भौतिक पूर्वधार निर्माण
२५। १२।५	हुलाकडाडा स्वास्थ्य केन्द्र भवन निर्माण सवलीकरण उपभोक्ता समिति	६७९०००	धर्मेन्द्र श्रेष्ठ उपभोक्ता समितिको अध्यक्ष,
८७२। ३।१८	श्री जनविजय आधारभुत विद्यालय वडा नं ५ उपभोक्ता समिति	५३३५००	ट्यांकी तथा कम्प्युटर खरिद
	जम्मा	१४२५५०४	

अनियमित भएको	१४,२५,५०४

१०१ **सामाजिक सुरक्षा कार्यक्रमः**

सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सामाजिक सुरक्षा संरक्षण कार्यक्रमको लागि यो वर्ष रू.२३६५०११८१.२३ खर्च भएको आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

१०१.१ **निष्कृय लाभग्राहीः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरुमध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्जीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैंकबाट प्राप्त गरेको छैन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकहरुले निष्कृय खाताको विवरण तोकिएको समयावधिमा तयार गरी पालिकालाई उपलब्ध गराउने र स्थानीय निकायले पनि समयमा नै विवरण प्राप्त गरी धेरै लामो समयसम्म निष्क्रिय रहेको खाताको रकम यकिन गरी फिर्ता हुने व्यवस्था मिलाउनु पर्दछ ।

१०१.२ **निरीक्षण तथा अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई, प्रदेश सरकारको मन्त्रालय तथा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुख वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको

निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।

१०१.३ **पारदर्शिता :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(३) बमोजिम पारदर्शिता प्रवर्द्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भएकोमा पालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिको विवरण आफ्नो वेभसाइटमा राखेको देखिएन ।

१०१.४ **मृत्यु भएका सेवाग्राहीलाई भत्ताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यवस्था छ साथै सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरी भत्ता . लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।तर पालिकाले दोहोरो परेको र मृत्यु भइसकेका केही लाभग्राहीको लगत कट्टा नगरी भत्ता खर्च लेखेको छ । पालिकाबाट पेश भएको मृत्यु दर्ताको आधारमा नमुना छनोट गरी परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रू. ५३९००।- रकम भुक्तानी दिएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु

सि. न.	परिचय पत्र नं	लाभग्राहीको नाम	बैंक खाता नं	मृत्यु भएको मिति	भुक्तानी हुनुपर्ने रकम	भुक्तानी भएको रकम	बढी भुक्तानी
१	2010031007161	Hari Bahadur Bhujel	1301121279405001	२०८१।१२।१०	३३५००	३६०००	२५००
२	2002101504789	Lok Bahadur Karki	1330174500900010	२०८२।३।।९	४५५००	४८०००	२५००
३	2004091001453	Shiva Maya Sarki	2868551164046001	२०८१।१२।११	३३५००	३६०००	२५००
४	2005052200646	LALIT KUMARI KARKI	10707010003879	२०८१।६।१२	९६००	२४०००	१४४००
५	1994081501838	CHANDRA BAHADUR KHADKA	10707010003759	२०८१।७।१५	१४०००	२४०००	१००००
६	2005092300778	KHAMBAR BAHADUR NEWAR	10707010003853	२०८१।५।९	५२००	२४०००	१८८००
७	2003100503277	Khadag Raj Shrestha	1680100000123119	२०८१।१२।६	३२८००	३६०००	३२००
							५३९००

असुल गर्नुपर्ने	५३,९००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मन्थली नगरपालिका, रामेछाप , मन्थली नगरपालिका , रामेछाप

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	देवर्षि सापकोटा	२०८१-०६-१६	हाल सम्म कार्यरत
लेखा प्रमुख	अनन्त सापकोटा	२०८१-११-०१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,४०६,१८८	११,३६४,०७२.१८	७,६५६,५४४.८१	०	०	४००,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२०,८२६,८०४.९९
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	८,८५०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२०,८१७,९५४.९९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१०२७४१५६०.९५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	६१५५९३७५६.४८	चालु खर्च	६७२८१३०७१.५८
प्रदेश सरकारबाट अनुदान	८९४७४०००	पूँजीगत खर्च	२८१८४०४०३.५४
राजश्व बाँडफाँट	१६३२६२९००.६५	वित्तीय/अन्य व्यवस्था	२५७७७१४७३.२३
आन्तरिक आय	४५३४४०७७.०५		
अन्य आय	२६७०५९७७१.०६		
कुल आय	११८०७३४५०५.२४	कुल खर्च	१२१२४२४९४८.३५
बाँकी मौज्दात		७१०५१११७.८४	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)			
क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार	गत आ.ब. को कारोबार
राजस्व, अनुदान र अन्य प्राप्ति			
११०००	कर	१८,३६,८६,०२४.८४	१६,३९,०९,०६५.७४
१३०००	अनुदान	६२,७०,९८,५९५.४३	६३,२६,२४,४४०.४१
१४०००	अन्य राजस्व	५,७३,२८,०५७.९५	२,२७,४०,६३०.३५
१५०००	विविध प्राप्ति	०.००	११,३१,०००.००
क	कुल जम्मा प्राप्ति	८६,८१,१२,६७८.२२	८२,०४,०५,१३६.५०
३	चालु	६३,००,३०,१६९.०१	५९,१२,१२,७५६.७५
२१०००	पारिश्रमिक / सुविधा	४६,२८,०७,२८२.२९	३८,५७,२४,६८०.५३
२२०००	मालसामान तथा सेवाको उपयोग	१४,३९,१८,६३१.३९	१७,३४,०५,१५३.२२
२५०००	सहायता (Subsidy)	४८,०७,४३०.००	१,५६,३२,४०५.००
२६०००	अनुदान	१,४४,८२,८३४.३३	५९,८५,६५२.००
२७०००	सामाजिक सुरक्षा	३५,४९,८४१.००	१,०२,६०,९४०.००
२८०००	अन्य खर्च	४,६४,१५०.००	२,०३,९२६.००
४	पूंजीगत	२४,७७,६७,३५३.५४	२८,६४,९८,५८१.३६
३१११०	भवन तथा संरचना	४,९९,४६,२४९.००	२,९८,३१,१५६.४०
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	२,०२,९१,३६२.९६	९१,५५,६९७.५२
३११३०	अन्य पूँजीगत खर्च	७८,८६,५३३.५८	४,२१,२८,५९३.६८
३११५०	सार्वजनिक निर्माण	१३,५३,४७,४७८.५०	१८,७१,०२,६३०.७६
३११६०	निर्मितसंरचनाको सुधार खर्च	१,९४,०००.००	२८,३२,७१०.००
३११७०	पूँजीगत सुधार खर्च	३,४१,०१,७२९.५०	१,५४,४७,७९३.००
ख)	कुल जम्मा भुक्तानी	८७,७७,९७,५२२.५५	८७,७७,११,३३८.११
ग)	बचत /कमी (ग = क-ख)	(९६,८४,८४४.३३)	(५,७३,०६,२०१.६१)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको	९१,०६,४२६.८३	(२,१५,३४,००८.९३)

	थप/घट (+/-)		
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी	(१,६४,७८३.००)	१,६७,२४४.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(५,७८,४१७.५०)	(७,८८,४०,२१०.५४)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	७,१४,६४,७५२.३४	१५,०३,०४,९६२.८८
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन		
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	७,०८,८६,३३४.८४	७,१४,६४,७५२.३४

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची -४

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)			
क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार	गत आ.ब. को कारोबार
राजस्व, अनुदान र अन्य प्राप्ति			
११०००	कर	१८,३६,८६,०२४.८४	१६,३९,०९,०६५.७४
१३०००	अनुदान	६२,७०,९८,५९५.४३	६३,२६,२४,४४०.४१
१४०००	अन्य राजस्व	५,७३,२८,०५७.९५	२,२७,४०,६३०.३५
१५०००	विविध प्राप्ति	०.००	११,३१,०००.००
क	कुल जम्मा प्राप्ति	८६,८१,१२,६७८.२२	८२,०४,०५,१३६.५०
३	चालु	६३,००,३०,१६९.०१	५९,१२,१२,७५६.७५
२१०००	पारिश्रमिक / सुविधा	४६,२८,०७,२८२.२९	३८,५७,२४,६८०.५३
२२०००	मालसामान तथा सेवाको उपयोग	१४,३९,१८,६३१.३९	१७,३४,०५,१५३.२२
२५०००	सहायता (Subsidy)	४८,०७,४३०.००	१,५६,३२,४०५.००
२६०००	अनुदान	१,४४,८२,८३४.३३	५९,८५,६५२.००
२७०००	सामाजिक सुरक्षा	३५,४९,८४१.००	१,०२,६०,९४०.००
२८०००	अन्य खर्च	४,६४,१५०.००	२,०३,९२६.००
४	पूंजीगत	२४,७७,६७,३५३.५४	२८,६४,९८,५८१.३६
३१११०	भवन तथा संरचना	४,९९,४६,२४९.००	२,९८,३१,१५६.४०
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	२,०२,९१,३६२.९६	९१,५५,६९७.५२
३११३०	अन्य पूँजीगत खर्च	७८,८६,५३३.५८	४,२१,२८,५९३.६८
३११५०	सार्वजनिक निर्माण	१३,५३,४७,४७८.५०	१८,७१,०२,६३०.७६
३११६०	निर्मितसरचनाको सुधार खर्च	१,९४,०००.००	२८,३२,७१०.००
३११७०	पूँजीगत सुधार खर्च	३,४१,०१,७२९.५०	१,५४,४७,७९३.००
ख)	कुल जम्मा भुक्तानी	८७,७७,९७,५२२.५५	८७,७७,११,३३८.११
ग)	बचत /कमी (ग = क-ख)	(९६,८४,८४४.३३)	(५,७३,०६,२०१.६१)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको	९१,०६,४२६.८३	(२,१५,३४,००८.९३)

	थप/घट (+/-)		
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी	(१,६४,७८३.००)	१,६७,२४४.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(५,७८,४१७.५०)	(७,८८,४०,२१०.५४)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	७,१४,६४,७५२.३४	१५,०३,०४,९६२.८८
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन		
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	७,०८,८६,३३४.८४	७,१४,६४,७५२.३४

सुझाव

नगरपालिकाद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन नगरपालिकाले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता हुने गरी बनाउनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ।अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने

अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- नगरपालिकामा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।